# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

फागुन पूर्णिमा



लुम्बिनी गौतमी भिक्षुणी विहारमा प्रतिस्थापित बुद्ध प्रमुख महामाया, प्रजापति गौतमी र सिद्धार्थ कुमारको मूर्तिहरू ।

DHARMAKIRTI

वर्ष- १५ अङ्क- ११ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# छलफल

✍ मेघदूत

छलफलको समय त भैसकेको छ । तर सहभागीहरू ठीक समयमा उपस्थित हुन सकेका छैनन् । आज शिवरात्री भएकोले हो कि पानी पनि परिराखेको छ। बाटो भरी हिलैहिलो छ।१०, १५ मिनेट जति पर्खिने हो कि ? नेपालीहरूको यो पर्खिने बानी नै ठीक छैन । ठीक समयमा कार्यक्रम थालनी हुनै पर्छ । कार्यक्रम संचालन हुँदा हुँदै आइपुग्छन् होला । भन्दा भन्दै दुईतीन जवान सहभागीहरू त आइपुगी हाले नि !

पुग्ने बित्तिकै उनीहरू मध्ये एक जवान व्यक्तिले प्रश्न राख्न थाल्यो– "चार ब्रह्म विहार भनेको के होला र यसको महत्त्व के हो ?" अर्का एकजनाले उत्तर दिँदै भन्यो– "प्रश्न त राम्रै सोध्नु भयो नि। तर यसलाई चित्त बुझ्ने गरी व्याख्या गर्न भने गाह्रै छ। संक्षिप्तमा भन्ने हो भने चतुरब्रह्म विहार भनेको मैत्री (मित्रता), करूणा (दया), मुदिता (प्रसन्नता साथ चित्त प्रफुल्ल हुने) र उपेक्षा (तटस्थता अर्थात् प्रतिकुल अवस्थामा पनि चित्त विचलित नपारी समताभावमा रहने) आदि हुन् । जुन व्यक्ति यी गुणले युक्त हुन सक्छ, उसको जीवन आनन्द र सुखमय हुन सक्छ ।

फेरि प्रश्न उठ्यो अरूत बुझ्न सजिलो छ तर मुदिता शब्दको अर्थ बुझ्न त्यति सजिलो भएन। यो एक नौलो शब्द जस्तो लाग्यो । त्यसैले यसबारे केही प्रष्टयाइदिनु हुन्छ कि ?

मुदिता भनेको अरू व्यक्तिहरूले गरेका राम्रा कार्यहरू र उनीहरूको उन्नति र समृद्धि देखि आफ्नो मन प्रसन्न पारी आफ्नै सफलता भएको ठानी मन प्रफुल्ल पार्न सक्ने स्वभावलाई भनिन्छ। आफूले त्यस्तो काम गर्न नसके पनि अरूले गरेको राम्रो कार्यलाई नैतिक समर्थन गर्न सक्ने चित्तलाई मुदिता भनिन्छ । तर नराम्रा कार्यहरूलाई भने समर्थन गर्दै खुशी हुनेलाई मुदिता भन्न मिल्दैन । यसरी मुदितालाई चित्तमा ठाउँ दिन सकेन भने त्यस व्यक्तिको चित्तमा तुरून्त इर्ष्याले ठाउँ लिन पुग्छ । जसले गर्दा चित्तमा जलन र डाह पैदा गराइदिन्छ र अशान्ति मच्चाइदिन्छ । यही सिलसिलामा बर्मामा घटेको घटना सम्झना भएको छ । बर्मामा एकजना प्रतिष्ठित व्यक्ति एक नामी विद्वान भिक्षुकहाँ गई प्रश्न सोधेछ– "भन्ते ! इर्ष्या भनेको के हो ?" महास्थविरले भन्नुभयो– "अर्काको प्रतिष्ठा र उन्नति बढेको देखेर आफ्नो मनमा उठ्ने डाहा र जलनको भावनालाई इर्ष्या भनिन्छ । यो मानिसहरूको दुर्गुणको स्वभाव हो । तर यो दुर्गुण भावना हाल गृहस्थीहरूमा भन्दा पनि भिक्षुहरूमा बढी भएको देखिन्छ। यस्तो उत्तर सुनेर त्यस बर्मी उपासक टाउको हल्लाउँदै र हाँस्दै फर्क्यो रे।"

यही सिलसिलामा कुरो उठ्न थाल्यो– हालसालै बुद्धगयामा सम्पन्न भएको अन्तर्राष्ट्रिय भिक्षुणी दिक्षा समारोहमा श्रामणेरीहरूलाई भिक्षुणी आचरण बारे तालिम दिएको बेलामा बोधि चित्तको राम्रो व्याख्या गरिएको थियो। बोधिचित्त राखी काम नगरीकन चित्तमा क्षण-क्षण उत्पन्न भइरहने क्लेशहरू (लोभ, द्वेष, मोह) लाई हटाउन सकिदैन । किनभने बोधिचित्तमा मैत्री, करूणा, मुदिता र उपेक्षा आदि यी ४ चतुरब्रह्म विहार गुणले भरेको हुन्छ। बोधिचित्तको अनुपस्थितिमा मुदिता चित्तको ठाउँमा इर्ष्याले ठाउँ लिने हुन्छ र आफ्नो मन फराकिलो बन्नुको सट्टा साँघुरो बन्न जान्छ ।

त्यसैले हो कि भिक्षुणी उपसम्पदा कार्यक्रम बारे थेरवादी भिक्षुहरू मध्ये धेरै जसो भिक्षुहरूले विरोध गरेको देखिन्छ । यही कारणले गर्दा महायानी व्यक्तिहरूले थेरवादीलाई हीनयान पनि भन्ने गरेको देखिन्छ । किनभने उनीहरू मध्ये धेरैजसो व्यक्तिहरूको व्यवहारमा बोधिचित्तको कमी महसूस गरिएको छ । बुद्धगयामा भइरहेको भिक्षुणी उपसम्पदा उत्सवमा थाइल्यायण्डबाट ६ जवान, श्रीलंकाबाट १५ जवान, क्याम्बोडियाबाट २ जवान, बर्माका ३ जवान, भिक्षुहरूले यस कार्यक्रमलाई समर्थन जनाउँदै भाग लिनुभएको छ भने नेपालबाट पनि एक जवान भिक्षुले भाग लिनु भएको छ। जे होस् यस कार्यक्रममा थेरवादी भिक्षुहरूले आफ्नो

*( बाँकी अन्तिम कभरको भित्री पेजमा )*

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक व विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : ~~[illegible],~~ २५९४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY

March 1998


| वर्ष- १५ | अङ्क- ११ | होलीपुन्ही | चैत्र २०५४ |
|---|---|---|---|





★ अर्काको दोष देख्नु सजिलो छ किन्तु आफ्नो दोष देख्नु मुश्किल छ, अर्काको दोष भने हिम छरे झैं छरेर हिड्छ, तर आफ्नो दोष (गल्ति) चाहिं जाली जुवाले पासा छोपे झैं छोप्छ ।

***

★ दोषारोपन (विरोध मात्र) गर्ने विचारले सधैं अर्काको दोष देखिरहने व्यक्तिको चित्तमल बढ्छ, चित्तमलको लक्ष हुने मार्गबाट बञ्चित हुन्छ ।

***

★ तिमीले आफैलाई द्वीप (रक्षास्थान) बनाउ, चाँडै कोशिश गरी योग्य बन, क्लेशरहित, लोभरहित होउ अनि आर्य भूमिमा पुग्ने छौ ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद -१०४

✍ रीना तुलाधर

**गब्भमे के उप्पज्जन्ति-निरयं पापकम्मिनो**
**सग्गं सुगतिनो यन्ति- परिनिब्बन्ति अनासवा**

**अर्थ-** कोही कोही यो संसारमा जन्मछन्, कोही कोही पापीहरू नारकीय जीवन बिताउछन् । पुण्यवानहरू सुगतीमा गएर स्वर्गीय जीवन बिताउँछन् । आस्रव क्षंय भएकाहरू दुःखबाट मुक्ति पाउँछन् ।

**घटना-** भगवान बुद्धको समयमा श्रावस्तीमा हीरा जवाहरातको काम गर्ने एउटा कामी थिए । उसले कुलूपग तिस्स भन्ने एउटा अरहन्त भिक्षुलाई दिनहुँ भोजन गराउँथ्यो । एक दिन त्यस ज्वाहरिले घरमा मासु काटीरहेको थियो । त्यसैबेला उसको घरमा प्रसेनजीत महाराजको दरवारबाट एउटा मानिस आए । एउटा बहूमुल्य माणिक ल्याएर त्यसलाई कातेर, पोलिश गरेर महाराजकहाँ ल्याऊनु भनी माणिक रत्न कात्ने काम अऱ्हाएर गए । ज्वाहरिले आफूले मासु काटीरहँदा रगत भएको हातले नै माणिक लिएर त्यहिंनिर एउटा टेबुलमा राखेर आफू हात धुनलाई गए । त्यही बेला घरमा पाली राखेको हाँस आएर त्यो रगत लागेको माणिक रत्नलाई मासुको टुक्रा भनी ठानी खाएर निलीदियो । हाँसले माणिक रत्न खाएको भिक्षुले देखे । त्यहीबेला ज्वाहरि हात धोएर कोठामा फेरि आएर माणिक लिन खोज्दा ठाउँमा नदेखेपछि घरको मान्छे सबैलाई माणिक लियौ कि भनेर सोध्न थाले । कसैले लिएको छैन भने पछि त्यहाँ अर्को कोही मान्छे नभएकोले भिक्षुले लिएको हुनुपर्छ भनी शंका गरी सोधे । भिक्षुले आफूले नलिएको कुरा भन्दा पनि उसलाई चित्त बुझेन । भिक्षुलाई यातना दिएर चोरेको बकाउन पऱ्यो भनी स्वास्नीचाहिंलाई भने ।

लोग्ने चाहिँको यो निर्णय सुनेर स्वास्नीचाहिँले यसको विरोध गरिन् । "यतिका वर्षसम्म स्थविरको धर्म कुरा हामीले सुनीरह्यौं । स्थविरको कुनै दोष हामीले देखेका छैनौं । स्थविरप्रति अपराध नगर्नू । यो भन्दा त बरु माणिक हराएकोमा महाराजको सजायँ भोग्नु राम्रो हुन्छ" आदि भनी बिन्ति गरिन् । तर लोग्नेले उसको कुरा एक थोपा नसुनी भिक्षुलाई पिट्न डोरी ल्यायो । डोरीले भिक्षुलाई बेस्सरी बाँधेर लट्ठीले पिट्नसम्म पित्यो । भिक्षुको टाउको र नाकबाट रगत बग्यो । घरमा पालेको हाँसले त्यो भुइँमा पोखेको रगत खान मन लागेर त्यहि फेरि आयो । रीसले चूर भईराखेको ज्वाहारिले त्यो हाँसलाई बेस्सरी लातले हिर्काइदियो । हाँस त्यही क्षणमा मऱ्यो । यो देखी स्थविरले हाँस मरीसक्यो कि बाँचेको छ हेर्नु भनी सोधे । रीसमा ज्वाहरिले भने- "त्यो हाँस जस्तै तिमी पनि मर्नेछौ ।" स्थविरले हाँस मरीसकेको निश्चित रुपमा थाहा पाएपछि भने- "यही हाँसले माणिक रत्न निलेको मैले देखेको । पत्याउँदैनौ भने हाँसको पेट चिरेर हेर्नु । यदि यो हाँस नमरीसकेको भए यसको प्राण बचाउनको लागि मैले आफ्नो प्राणै गएपनि यो कुरा नभन्ने थिएँ ।"

यो सुनी मरेको हाँसको पेट चिरेर हेर्दा त्यहिंबाट माणिक निस्क्यो । ज्वाहरि पछुतावा र डरले थरर्र कामे । ज्वाहरिले स्थविरको पाउ छोई माफी मागे । "महाराजको दण्ड देखी डराएर मैले यस्तो अपराध गर्न पुगेछु" भन्दै क्षमा मागे । मैले तिमीलाई क्षमा गरें । वास्तवमा मैले उपासकको घरमा भित्र आएर सधैं भोजन गर्ने गरेकोले नै मेरो यो दशा भएको हो । अबदेखि म मेरो पाउको बल भएसम्म दाताहरूको ढोका बाहिर उभिएर भिक्षा मागेर नै भोजन गर्छु ।"

यसपछि केही समयपछि नै त्यस ज्वाहरि उपासकले यातना दिएको रोगले स्थविर परिनिर्वाण हुनु भयो । ज्वाहरि आफ्नो पापको कारणले धेरै दुःख भोगेर दुर्गती भयो । उनकी पत्नी आफ्नो दया भाव र स्थविर प्रतिको अटल श्रद्धाको कारणले सुगती गइन । यसै सन्दर्भलाई लिएर भगवान बुद्धलाई भिक्षु समूहलाई भन्नु भयो- "कोही कोही प्राणीहरू आमाको गर्भबाट मनुष्य भएर जन्म हुन्छन् । कोही कोही पाप गर्नेहरू नरकमा जन्म हुन्छन् । आस्रव क्षय भइसकेका अरहतहरू परिनिर्वाण हुन्छन् ।" यस्तो धर्मदेशना गर्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो ।



Downloaded from http://www.dhamma.digital

# बूढो भन्ते र कलम

✍ विश्व शाक्य

धेरै दिन भयो । विहार (धर्मशीला बुद्ध विहार) गएको थिइन । कहिले विहेको कामले त कहिले घरकै कामले व्यस्त भयो । आज शनिवार । विहान मैत्रीसंघको बैठक थियो । गोविन्द भाइको घरमा । बैठक सकेर विहार गयौं ।

गुरुमा कर्मशीलालाई अस्पतालबाट ल्याइएको ३/४ दिन भैसकेको रहेछ । उहाँ अस्पताल हुँदा एकपटक भेट्न गएको थिएँ । त्यत्तिबेला उहाँ सारै विसन्चो हुनुहुन्थ्यो । केही कुरा (पानी समेत) निल्न हुँदैन थियो । २/४ मिनटमै बान्ता भैहाल्थ्यो । त्यसपछि भेट्न जाने अनुकूल मिलेको थिएन । आज भेटें । उहाँ धेरै स्वस्थ भैसक्नु भएको रहेछ । कमजोरी प्रसस्तै रहेछ । आज विहानबाट खानेकुरा पनि खाएँ भनेर गुरुमा आफैले सुनाउनु भयो । हिँडडुल गर्न राम्रै सक्नु हुने रहेछ । अस्पतालबाट फर्केपछि तल छिंडीकै कोठामा सुत्ने ठाऊँको व्यवस्था गरिएको रहेछ । काठमाडौंकी एउटी उपासिकाले गुरुमाको खान पिनमा निक्कै सहयोग गरिरहेकी कुरा गुरुमाले बताउनु हुँदा मन कस्तो कस्तो भयो । एउटी उपासिका हुनुको हैसियतले अनगारिका, गुरुमाहरूको स्याहार सुसार गर्नु नराम्रो कुरा अवश्य होइन । यो प्रत्येक उपासक उपासिकाहरूको कर्तव्य र दायित्व हो । तर हामी पोखरेली उपासक उपासिकाहरू त्यो दायित्वमा सहभागी बन्न सक्यौं जस्तो लागेन । काठमाडौंबाट आएकी एउटी उपासिकाले त्यो दायित्व निर्वाह गरी । उनले आफू उपासिका हुनुको सार्थकता निर्वाह गरिन् । यस काममा हामी लज्जापूर्वक पछि पऱ्यौं । धेरै पछि पऱ्यौं । हामी बुद्ध, धर्म र बुद्धशिक्षा बारे डीङ हाँक्ने मात्र भयौं । व्यवहारिकता एउटी उपासिकाले देखाइन । जस्तो नाम उस्तै काम । ती चन्द्रशोभा उपासिकालाई मेरो साधुवाद !

गुरुमाँसंगको भेटघाट पछि बूढो भन्ते (भिक्षु सुभद्र, ९३ वर्ष) लाई भेट्न गएँ । जाडोको मौसम त्यसमाथि पछि बूढोमान्छे, सिरकमा गुटमुटिएर बसिरहनु भएको रहेछ । आँखाले राम्ररी नदेख्ने, कानले राम्ररी नसुन्ने । मैले वन्दना गरें । उहाँले मलाई ठम्याउन सक्नु भएन । धेरै दिन भयो, यतातिर नआएको । त्यही भएर उहाँले ठम्याउन सक्नु भएन । म उहाँको नजिकै गएँ । उहाँले ए ऽ ऽ भनेर टाउकोमा गुट्मुट्याउनु भएको शिरक हटाउनु भयो । मैले सन्चै हुनुहुन्छ ? भनेर कान नजिकै ठूलो स्वरले भने । उहाँले हात फिंजाउँदै 'यस्तै हो' भन्नुभयो ।

नजिकैको कुर्चिमा बस्ने आग्रह गर्दै उहाँले भन्नुभयो-'जिउलाई सन्चै होला के रे !' ? "मैले सन्चै छु भनेर जवाफ दिएपछि उहाँले बिसन्चो हुनुहोला भन्ने त लागेको थिएन वेफूर्सदी हुनुभयो होला भन्ने लागेको थियो भन्नुभयो । गत असारमा नराम्रोसँग विरामी हुनुभएपछि उहाँ टाढा हिँडडूल गर्न सक्नु हुन्न । अन्यथा २/३ दिन भेटघाट नभए उहाँ हालखबर बुझ्न घरै आइपुग्नु हुन्थ्यो । म प्रतिको उहाँको अगाध स्नेहलाई देख्दा प्रयास लाग्ने गर्छ मित्रताको हडबन्दी उमेरसँग नभएर भावनासँग हुँदो रहेछ । भावना टोडिंदा मित्रता मात्र होइन सामाजिक मर्यादा र मान्यता समेत टोडिन बेर नलाग्ने रहेछ ।

धेरै दिन पछि बूढो भन्तेसँग २/४ बैचारिक कुराकानी भएपछि उहाँले आफ्नो सिरानी मुनि हात लगेर एउटा डड्पेन निकालेर मलाई दिंदै भन्नुभयो- यो तपाँईलाई काम लाग्छ । तपाईको हातमा यो पऱ्यो भने यसको मात्र होइन अरुको पनि कल्याण हुन्छ ।" मैले कलम थापें र चुपचाप खोल्टीमा हाले । कलम खोल्टीमा त हाले तर बूढो भन्तेको त्यो आत्म विश्वासलाई मैले कसरी पूर्ण गर्ने ? कलमको सदुपयोग त दुकानमा विल कोर्दा पनि हुने थियो तर अरुको पनि कल्याण त्यहाँ सम्भव थिएन । हुन त बूढाले एउटा मामुली कलम, त्यसको मूल्य बढीमा ३/४ रुपयाँ थियो होला, दिएको थियो तर त्यो कलमसँग यत्रो ठूलो आत्मविश्वास सुम्पनु भएको थियो कि त्यसको निर्वाहमा म बेचैन हुन पुगें । के लेखेर म यो कलमको सदुपयोग गरौं ? दिनभर सोच्न थालें । अन्ततः मनमा एउटा प्रसंग उठ्यो । लेख्न बसें । त्यही कलमले ।



Downloaded from http://www.dhamma.digital

बूढो भन्तेसँग हुने यो पहिलो प्रसंग थिएन । उहाँसँग थुप्रै यस्ता प्रसंगहरू जोडिएका छन् । गत असार २०/२१ गते उहाँ नराम्ररी ओछ्यान पर्नु भयो । २/३ रात हामी उपासक उपासिकाहरूले विशेष गरी धर्मशीला बुद्धविहारकी अनगारिकाले उहाँको सुस्याहारमा कुनै कसर बाँकी राखिनन् । उहाँ गुरुआमा हुनु भएर पनि एउटी छोरीले नगर्ने सेवा गरिन् । एकरात, हामी सबैले बूढो भन्ते बाँच्ने कमै आशा गरेको थियौं । तर भाग्य ! उहाँ त्यो कालचक्रबाट उम्कनु भयो । उहाँ सारै कमजोर हुनुहुन्थ्यो । तै पनि उपासक, उपासिका ईष्ट मित्रहरू अगाडि आउँदा उहाँ सकि नसकि बोल्दै हुनुहुन्थ्यो । त्यो दिन अष्टमीको दिन थियो । म पनि नुहाई वरी विहार पुगें । मैले दक्षिणा हातमा राखिदिएर वन्दना गरें । म उठेर आउन लागेको थिएँ । उहाँले अगाडि आउन इसारा गर्नुभयो । म उहाँको नजिकै गएँ । वहाँको आँखा रसाइरहेको थियो । मैले आँसु पुछि दिएँ । त्यसपछि उहाँले भन्नुभयो- विश्वजी ! सबै मान्छे लेखक कवि नहुँदा रहेछन् । हामीले धेरै कुरा देखेकाछौं, भोगेका छौं तर कसलाई भन्ने ? कसलाई सुनाउने ? भन्न पनि जान्नु पर्ने रहेछ । त्यो काम तपाई जस्ता लेखक कविले मात्र गर्न सक्दा रहेछन् । यी अब मेरो मनमा कति कुरा छन् । के हुन्छ ? म मर्छु सबै मैसँग जान्छ । त्यसैले लेखक कवि भनेको ठूलो रहेछ ।"

बूढो भन्तेले मृत्युशैयाबाट जागृत भएपछि भन्नु भएको यो कुरा कति यथार्थ हो मलाई थाहा छैन त्यसदिन उहाँले म लेखक, कवि हुनुको आत्मबोध मलाई जसरी दिनु भयो म त्यो जिम्मेवारीबाट आहत हुन पुगको थिएँ । बूढो भन्तेले भन्नु भए जस्तै कवि, लेखक हुनुको यथार्थलाई के म र हामी जस्ताले वास्तवमै देशको लागि, जनताको लागि र समग्र मानव कल्याणको लागि सदुपयोग गर्न सकिरहेका छौं ?

आज फेरि एउटा कलमले त्यही जिम्मेवारीलाई झकझक्याएको छ । थाहा छैन, मैले त्यो जिम्मेवारीलाई पूरा गर्न सकें, सकिन । पूरागर्न सकुँला नसकुँला !?

# शत्रु

✍ भिक्षु विशुद्धानन्द

ज्ञान रहित अन्धविश्वास कति भयंकर हुँदो रहेछ
असत्यलाई सत्य सम्झिंदा मानव अमानव बन्दो रहेछ

कस्तो यो अहंकार ढोंगी अस्तित्व बनाउने
गल्ती स्वीकार्न नसक्दा उजाडियो अमूल्य मित्रता
हाय ! यो आलस्य पनि मेहनत गर्न नरूचाउने
भोलि गरूँला भन्दै गुम्यो कति सुवर्ण अवसर

धिक्कार छ कञ्जुसीलाई आफै मात्र नाम कमाउने
पराया सप्रिने डरले सुधारिएन कसैलाई पनि
बेकार झन यो ईर्ष्या पर प्रगति हेर्न नसक्ने
डाहको आगोमा जल्दै खरानी भयो सुन्दर जीवन

# ज्ञानमाला

✍ : इन्दिरा हलवाई

भजौं हामी ज्ञानको माला
प्रज्ञा ज्ञान जगाउनलाई
बोधी ज्ञानको माला लाएर
भव सागरको दुःख मिटाउन

अकुशल कर्म नगरौं हामी
असत्य मार्ग नहिंडौं हामी
सत्य मार्ग अपनाऔं हामी
बोधी ज्ञानले बुनौं ज्ञानमाला

अपशब्द नबोलौं अरूलाई
सत्यको नशामा मदमग्न होऔं
ज्ञानको माला सबले अपनाऔं
मानिस भएर हामी बाँच्न सिकौं,
बाँच्न सिकौं, बाँच्न सिकौं



Downloaded from http://www.dhamma.digital

# बौद्ध धर्मको माध्यमबाट समाजको आर्थिक उन्नति ।

*प्रस्तुतकर्ता :* **मिङ्मा छिरिङ्ग शेर्पा, लाजिम्पाट, काठमाडौं ।**

१.१ **भगवान बुद्धको महत्वपूर्ण सन्देश :**

बुद्धम् शरणं गच्छामि, धम्मम् शरणं गच्छामि, संघम् शरणं गच्छामि

उपरोक्त सन्देशलाई आ-आफ्नो प्रकारले बुझे तापनि मेरो आफ्नो विचारमा "बुद्धम् शरणं गच्छामि" भन्नाले आफ्नो बौद्धिक शक्तिको विकास गर्दै बोधिचित्त उत्पन्न गर्ने प्रयास गरी आफूलाई उत्कृष्ट मानिस बनाउन अग्रसर हुनुपर्ने सम्झेको छु । "धमम् शरणं गच्छामि" भन्नाले आफूलाई भगवान बुद्धले दिनु भएको धार्मिक तथा सामाजिक अनुशासनको सन्देश अनुरुप रही जीवनलाई शुद्ध बनाउदै लैजानु पर्ने र "संघम् शरणँ गच्छामि" भन्नाले समाजको सबै पक्षलाई समेटी संघ संस्थान मार्फत् उन्नतिको मार्गमा संयुक्त प्रयास गर्दै लैजाने जस्तो लाग्दछ ।

१.२ उपरोक्त सिद्धान्तलाई नै लिएर अग्रसर भै आफ्नो विषय वस्तुमा प्रवेश गरी बौद्ध धर्मकै माध्यमबाट समाजको आर्थिक उन्नति कसरी हुन सकिन्छ भन्नेबारे विश्लेषण गर्दै निम्नलिखित तर्क पेश गरेको छु ।

(क) भगवान बुद्धले संसारलाई अहिंसा अर्थात् शान्ति, सच्चा चरित्र र नैतिकताको माध्यमबाट नै मुक्तिको मार्ग देखाउनु भएको थियो । मानव जीवनमा उन्नति गर्न सर्वप्रथम मानसिक सन्तुलनको आवश्यकता पर्छ र असन्तुलन अवस्थामा कुनै उन्नति गर्न सकिन्न । त्यस मानसिक सन्तुलनको लागि सुरक्षाको आवश्यकता पर्छ र ती सुरक्षा शान्तिको माध्यमबाट मात्र सम्भव हुन्छ । मानसिक सन्तुलन नै उन्नतिको पूर्वाधार हो र सोको लागि शान्तिको आवश्यकता पर्छ । दिमागको बिकृति हटाई शान्त र सन्तुलित जीवन यापन गर्न पाँच विषहरूको परित्याग गर्नु नै बौद्ध दर्शनको मूलभूत सिद्धान्त हो ।

(ख) व्यापारमा उन्नति गर्न, बचनबद्धता, नैतिक मूल्य र मान्यता, सत्य कबोल र कबोल तर्फको वचनवद्धताको आवश्यकता पर्छ । असत्य बोली र धोकेवाज मानिसलाई कसैले विश्वास गर्दैन जबकि विश्वास नै सफल व्यापारको मूलभूत आधार हुन् । बुद्ध धर्म अनुयायीहरूले उक्त कुरालाई मूलमन्त्र लिई कार्य गर्ने गर्दछन् ।

(ग) संघ संस्थानको निर्माण र विकास गरी सामूहिक र चौतर्फी विकास गर्दै मानव कल्याणको बाटो पहल गर्न पनि यस धर्मको अभिन्न पक्ष हुन् । व्यक्तिवादी त्याग गरी सम्पूर्ण समूहको उन्नति नै मूल धर्म हुन् । यही सिद्धान्तलाई आधुनिक, म्यानेजमेण्टको परिभाषामा टिमवर्क, लिडरशिप, कोअर्डिनेटेड एप्रोच आदि भनिन्छ ।

यही सिलसिलालाई लिएर हामी महायान बौद्धमार्गीहरूको प्रार्थनालाई विश्लेषण गरी हेर्ने हो भने कुनै पनि प्रार्थनामा स्वार्थीपना देखिदैन र सर्वोपरि विकासकै प्रार्थना गरिरहेको देखिन्छ । मानिस स्वार्थ स्वभावको नहुनासाथ तिनलाई सबैले सहयोग गर्न रुचाउँछ । बौद्ध धर्ममा जातपात, गरीब धनी, छुत अछुत आदिको समस्या नभएको र अरुलाई कष्ट नदिने सदिच्छाले पनि यस संघ संस्था विकासमा समस्या नपरेको होला ।

यौटा सानो व्यापारदेखि लिएर ठूलाठूला उद्योगहरूमा समेत यही सिद्धान्त लागू हुन्छ र समाजवादको सिद्धान्तले यसलाई अझ अघि बढाई कम्यूनिटी विकास र सहकारी विकासको रुपमा आर्थिक विकास गर्ने प्रयास गरेका छन् । इजरायलको सहकारी आन्दोलन, भारतको गाउं पंचायत विकास, चीन र रसियाको कम्यूनिटी विकास र अझ नियालेर हेर्ने हो भने नेपालकै पूर्व पंचायतको बुनियादी सिद्धान्तहरू यही कुरामा आधारित भै विकास भएका हुन् ।

(घ) उपरोक्त दर्शन र सिद्धान्तलाई राम्ररी समेटेर अग्रसर हुने कतिपय बुद्धिष्ट देशहरूले द्रुततर तरीकाले आर्थिक उन्नति गरेको कुरा हाम्रो सामुन्ने छर्लङ्ग छन् ।



Downloaded from http://www.dhamma.digital

(ङ) बुद्ध धर्मावलम्बी देशहरूमध्ये अधिकांश देशहरूले दोस्रो विश्वयुद्धपछि द्रुतगतिमा आर्थिक उन्नति गरेको उदाहरणहरू छन् र तीमध्ये कोरिया, जापान, ताइवान, थाइलैण्ड, मलेसिया, श्रीलंका, सिङ्गापुर, भुटान आदि हुन् । भारतले समेत आफ्नो झण्डामा र सरकारी लोगोमा अशोकचक्र र सिंह राखेको सर्वबिदितै छ । नेपालले समेत बुद्ध साम्राज्यको समयमा चौतर्फी विकास गरेको हुनाले त्यो युगलाई स्वर्ण युग भनिएको छ ।

०२) उपरोक्त कुराहरूले बौद्ध धर्मको मूलभूत दर्शनको आधारमा चौतर्फी विकास गरेको तात्पर्यलाई खोजेको छ भने अब यस विषयको व्यवहारिक पक्षलाई लिएर विश्लेषण गरौं । बौद्ध धर्म भन्नासाथ यसमा संलग्न अन्य गतिविधिहरू र यसले सिर्जना गरेको जीवन शैली, संस्कृति, ज्ञान विज्ञान, शिक्षा तथा त्यसबाट विकास भएको आर्थिक, सामाजिक विकासहरू आउँछ । यही कुरालाई लिएर नेपाल, भारत, तिब्बत, भुटान, सिक्किम समेत क्षेत्रीय आधारमा नियालेर हेरौं । यी क्षेत्रमा बौद्ध धर्मबारेको सिद्धान्तबाट प्रभावित जीवन शैली र संस्कृतिबाट समाजको आर्थिक उन्नति निम्न प्रकारले भएको पुष्टि हुन्छ ।

क) **खेतिपाती** : नेपालको प्रायः उत्तर खण्डमा बसोबास गर्ने बौद्ध धर्मावलम्बीहरूमा सहकारीताको भावना सयौं वर्ष अघिदेखि नै चलिआएकोले मौसमको उग्रताको बाबजूद त्यस क्षेत्रको कृषि तथा चरण विकास सन्तुलित तरीकाले भएको पाइन्छ । शेर्पा समुदायको पेर्मा संस्कृति यस विषयमा प्रख्यात छ ।

ख) **जडिबुटी संकलन, प्रशोधन र औषधि उपचार** : गुम्बाका लामाहरूको अध्ययनबाट औषधि उपचारको लागि प्राकृतिक श्रोतको खोजी भै यस क्षेत्रमा प्राप्त हिमाली, पहाडी र तराईको वनजंगलमा उपलब्ध जडिबूटीबाट तयार पारिएका औषधिबाट उपचारको काम भैराखेको हुँदा र उक्त जडिबूटीबाट संकलनमा जनसाधारण जनतालाई संलग्न गराइएको हुँदा हाल जडिबूटी संकलन, खेती तथा प्रशोधनको काम गरी तमाम जनताहरूले जीविका आर्जन गरिरहेका छन् भने यो बीसौं शताब्दीको अन्ततिर आएर यस हर्वल औषधिको संसारमा नै ठूलो स्तरमा विश्वास पैदा भै विकास हुन थालेको छ । हालैको एक अध्ययनबाट थाहा भए अनुसार यस क्षेत्रमा जडिबूटी संकलन निर्यातमा नेपालले निकै महत्वपूर्ण भूमिका खेलेको छ । यी जुडिबूटीको श्रोतहरू नै उच्च हिमाल र मध्य पहाड हुन् । यसैको आधारमा हाल काठमाडौंमा कुनफेनले निकै ख्याति कमाइसकेको छ ।

ग) **धर्ममा आधारित कलाको निर्यात** : विभिन्न गुम्बाको लामाहरूबाट तालिम पाई यसलाई व्यवसायिक उद्योगको रुपमा विकास गरिएको उद्योगमा थ्याङका पेण्टिंग गरी निर्यात गर्ने उद्योगले निकै ठूलो भूमिका खेलेको पाइन्छ । नेपालबाट हाल करोडौं रुपैयाँको थ्यांङका विदेशमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न मद्दत मिलेको छ भने यसबाट हजारौं मानिसहरूले रोजगार पनि पाएका छन् ।

घ) भगवान बुद्ध अमिताभ बुद्ध, लगायत अवलोकेश्वर, तारा, मञ्जुश्री, कालचक्र, पद्मसम्भव तथा अन्य बुद्ध र धर्म अवतारको मूर्ति कलाको उत्पादन र निर्यातले नेपालको आर्थिक उन्नतिमा ठूलो टेवा दिएको छ । यसमा संलग्न हुने बुद्ध अनुयायी नेवारहरूले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसले करोडौं रुपैंयाको विदेशी मुद्रा आर्जन गरेको छ भने हजारौं मानिसलाई रोजगारी दिएको छ ।

ङ) अप्रत्यक्ष रुपले प्रभाव पारेको भएता पनि तिबेतन कार्पेट बुनाइमा बौद्ध धर्मको बुनियादी आधार छैन भन्न सकिन्न । यस उद्योगले नेपालमा वर्षेनी ८.८ अरब रुपैयां बराबरको विदेशी मुद्रा आर्जन गर्न मद्दत दिएको छ भने तिबेतीयन मूलका बुद्धिष्ट समुदायको आर्थिक उन्नतिमा महत्वपूर्ण भूमिका खेलेको छ ।



Downloaded from http://www.dhamma.digital

च) सानो स्तरमा भएता पनि धूप उद्योग (दियो उद्योग) ले काठमाडौंमा क्रमिक विकास गर्दै आएको पाइन्छ ।

छ) **लोक्ता कागज उद्योगः** नेपालमा र तिब्बतमा विभिन्न धार्मिक पुस्तक छाप्न आधुनिक कागज नपाइने र पाईएता पनि त्यसको स्तर राम्रो नहुने हुँदा नेपालको पहाडहरूमा लोक्ताको काठ पकाई नेपाली कागज बनाउने उद्योगको विकास भएको हो । पुरानो तिब्बती पुस्तकहरू शत प्रतिशत नै लोक्ता कागजमा छापिने तथा नेपाली सरकारी लिपिको कागजको रुपमा विकास भएको छ भने केही मात्रामा विदेशमा समेत निर्यात भैराखेको छ ।

ज) भगवान बुद्धको तस्वीरहरू राखी क्यालेण्डर छाप्ने कामबाट पनि धेरैजनाले रोजगार पाएका छन् भने बुद्धिष्ट किताब छाप्ने कामबाट पनि समाजको धेरै जनताहरूले आर्थिक उन्नति गरेका छन् ।

झ) भगवानको नाममा छोमी बाल्ने, खादा चढाउने वा गुम्बा बनाउने जस्ता गतिविधिहरूबाट पनि सयौं उद्योगहरू स्थापना भै सञ्चालन भैराखेका छन् भने लाखौं मानिसहरूले रोजगार पाई आफ्नो परिवारको रेखदेख गरेको छ ।

ञ) **धार्मिक पर्यटन** : बौद्ध धार्मिक पर्यटन व्यवसायबाट नेपालले धेरै नै आर्थिक उन्नति गरेको छ भने भविष्यमा यसले सम्पूर्ण क्षेत्रमा नै अग्रणी भूमिका खेल्ने कुरामा दुई मत हुन सक्दैन । काठमाडौंस्थित बौद्ध र स्वयम्भू अन्तर्राष्ट्रिय स्तरमै पनि धेरै पुरानो र महत्वपूर्ण विश्व सम्पदामा चर्चित छन् । यसै गरी भगवान बुद्धको जन्मस्थल लुम्बिनी र राजधानी कपिलवस्तु विश्व बुद्धिष्ट समुदायको लागि नै महत्वपूर्ण तीर्थस्थल हुन् । यसको अलावा पाटनको स्वर्ण मन्दिर, हालेसीको गुम्बा, तेङ्बोचेको गुम्बा र यस्तै यस्ता अनेक गुम्बाहरू हेर्न लायकका तीर्थस्थलहरू हुन् ।

उपरोक्त तीर्थस्थल दर्शन गर्न आउने मानिसहरूले पर्यटन उद्योगमा ठूलो टेवा दिई यही माध्यमबाट देशले करोडौं रुपैयांको विदेशी मुद्रा आर्जन गर्छ भने देशमा लाखौं मानिसहरूले उचित रोजगारी पनि पाउने छन् ।

कुनै पनि धर्मस्थल वा तीर्थस्थल वरिपरि बसोबास गर्ने चलन भएको हुँदा त्यस क्षेत्रको विकास अपरिहार्य हुन्छ । बौद्ध र स्वयम्भू क्षेत्रको विकास कार्यमा ध्यान पुर्‍याउन सकेको खण्डमा त्यस क्षेत्रमा व्यापार होटेल, रेष्टुरेण्ट आदिको पनि विकास हुने हुँदा त्यस क्षेत्रको आर्थिक उन्नति हुने देखिन्छ । यी तीर्थस्थलहरूको दर्शन गर्न आउने पर्यटकहरूको कारणले पर्यटनको पनि विकास हुनेछ ।

हिन्दू धर्ममा तीर्थ यात्रा गर्ने, हाम्रो चलनमा कोरसी गर्ने र मुस्लिमहरूको हज गर्न जाने जस्तो परम्पराले गर्दा सम्बन्धित धार्मिक स्थलको महत्व बढेको देखिन्छ ।

थाईलैण्डको बैंककमा बुद्धको प्रतिमामा फूल धुप र सुनको जलप चढाउने प्रथाले यस विकासको व्यापारमा ठूलो मद्दत पुगको देखिन्छ ।

०३) **भविष्य** : नेपालको लुम्बिनी क्षेत्रमा अन्तर्राष्ट्रिय विमान स्थलको विकास भएमा संसारको विभिन्न ठाउँहरूबाट करोडौं संख्यामा लुम्बिनी दर्शन गर्ने सम्भावना देखिन्छ र सो हुन गएमा नेपालको पर्यटन विकासले नयाँ दिशा र गति लिई देशको आर्थिक स्थिति दरिलो हुन गई समृद्धिको लागि उचित वातावरण तयार हुने देखिन्छ ।

उपरोक्त व्यापार र उद्योगहरूको अलावा विदेशी संघ संस्था वा व्यक्तिहरूबाट यस देशको लामाहरू र धार्मिक गतिविधिमा टेवा दिनको लागि दिएका दान उपदानहरूबाट पनि देशको आर्थिक स्थिति दरिलो बनाउन मद्दत मिल्नेछ ।

यस प्रकारको पर्यटन विकास तथा संघ संस्थाहरूको विकासहरूबाट अन्य क्षेत्रको विकासहरूमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारि समाज उत्थानमा मद्दत मिल्ने छ ।



Downloaded from http://www.dhamma.digital

# अंगुत्तर निकाय (१)

अनुवादक : भिक्षु बोधिसेन

### पहिलो निपात

### १. रूपादि वर्ग

१. यस्तो मैले सुनें- एक समय भगवान बुद्ध (शाक्य मुनी बुद्ध) श्रावस्तिस्थित अनाथपिण्डकको जेतवन विहारमा रहनु भएको थियो । त्यस समय बुद्धले भिक्षुहरूलाई आमन्त्रण गर्नु हुँदै भन्नुभयो- "भिक्षु हो !", "भदन्त" भन्दै ती भिक्षुहरूले बुद्धलाई प्रत्युत्तर दिए ।

अनि बुद्धले भन्नुभयो-

१. भिक्षु हो ! "मैले त्यस्तो रुप जस्तो अर्को कुनै पनि रुप देख्दिन जुन रुपमा पुरुषको चित्तलाई आकर्षित पार्ने (चुम्बकले जस्तै तान्ने) शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो रुप हो स्त्री रुप । भिक्षु हो ! स्त्री रुपमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।"

२. भिक्षु हो ! मैले त्यो शब्द जस्तो अर्को कुनै पनि शब्द देख्दिन जुन शब्दमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । "भिक्षु हो !" त्यो शब्द हो, स्त्री शब्द । भिक्षु हो ! स्त्री शब्दमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

३. भिक्षु हो ! मैले त्यस्तो गन्ध जस्तो अर्को एक गन्ध पनि देख्दिन जुन गन्धमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो गन्ध हो स्त्री गन्ध । भिक्षु हो ! स्त्री गन्धमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

४. भिक्षु हो ! मैले त्यस्तो रस जस्तो अर्को एक रस पनि देख्दिन जुन रसमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो रस हो स्त्री रस । भिक्षु हो ! स्त्री रसमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

५. भिक्षु हो ! मैले त्यस्तो स्पर्श जस्तो अर्को एक स्पर्श पनि देख्दिन जुन स्पर्शमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो स्पर्श हो स्त्री स्पर्श । भिक्षु हो ! स्त्री स्पर्शमा पुरुषको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

६. भिक्षु हो ! मैले त्यस्तो रुप जस्तो अर्को कुनै पनि रुप देख्दिन जुन रुपमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो रुप हो "पुरुष रुप" । भिक्षु हो ! पुरुष रुपमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

७. भिक्षु हो ! मैले त्यस्तो शब्द जस्तो अर्को कुनै शब्द देख्दिन जुन शब्दमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो शब्द हो "पुरुष शब्द" । भिक्षु हो ! पुरुष शब्दमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

८. भिक्षु हो ! मैले त्यस्तो गन्ध जस्तो अर्को कुनै पनि गन्ध देख्दिन जुन गन्धमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो गन्ध हो "पुरुष गन्ध" । भिक्षु हो ! पुरुष गन्धमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

९. भिक्षु हो ! मैले त्यस्तो रस जस्तो अर्को कुनै पनि रस देख्दिन जुन रसमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो रस हो "पुरुष रस" । भिक्षु हो ! पुरुष रसमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

१०. भिक्षु हो ! मैले त्यस्तो स्पर्श जस्तो अर्को कुनै पनि स्पर्श देख्दिन जुन स्पर्शमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ । भिक्षु हो ! त्यो स्पर्श हो "पुरुष स्पर्श" । भिक्षु हो ! पुरुष स्पर्शमा स्त्रीको चित्तलाई आकर्षित पार्ने शक्ति लुकेर बसेको हुन्छ ।

### २. नीवरण प्रहाण वर्ग

१. भिक्षु हो ! मैले यस्तो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जस्को कारणले अनुत्पन्न (उत्पन्न नभएको) कामेच्छा (कामच्छन्द अर्थात् भौतिक सुखको इच्छा) उत्पन्न हुन्छ र उत्पन्न



Downloaded from http://www.dhamma.digital

भएका कामेच्छा बराबर उत्पन्न हुने गर्छ अर्थात् अभिवृद्धि हुन्छ । भिक्षु हो ! त्यो विषयबस्तु हो, शुभ निमित्त । भिक्षु हो ! शुभ निमित्तलाई बेठिक ढंगले वा गलत तरिकाले मनमा लिइयो भन्ने अनुत्पन्न (उत्पन्न नभएका) कामेच्छा उत्पन्न हुने गर्छ भने उत्पन्न भएका कामेच्छा वार वार उत्पन्न हुँदै अभिवृद्धि हुन्छ ।

२. भिक्षु हो ! मैले यस्तो धर्म बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले उत्पन्न नभएको द्वेष (व्यापाद वा क्रोध) उत्पन्न हुन्छ । उत्पन्न भएको द्वेष बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ । भिक्षु हो ! त्यो विषय हो, अनिष्ट हिंसा निमित्त (विरोधी भाव) । भिक्षु हो ! अनिष्ट हिंसा निमित्तलाई गलत तरिकाले मनमा लिइयो भने अनुत्पन्न (उत्पन्न) नभएका द्वेष (क्रोध, व्यापाद) उत्पन्न हुनेछ र उत्पन्न भएको द्वेष बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ ।

३. भिक्षु हो ! मैले यस्तो धर्म बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले अनुत्पन्न (उत्पन्न नभएको) स्त्यानमृद्ध (थीनमीद्ध अर्थात् शारिरिक र मानसिक आलस्य) उत्पन्न हुन्छ, उत्पन्न स्त्यानमृद्ध बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ । भिक्षु हो ! ती विषयहरू हुन्, काममा मन नलाग्नु, तन्द्रा, उँग्नु, भोजन पछिको मात, चित्तको अकर्मण्यता (निष्क्रियता) आदि । भिक्षु हो ! अकर्मण्य चित्तले अनुत्पतित (उत्पन्न नभएको) स्त्यानमृद्ध उत्पन्न हुन्छ, उत्पन्न भएको स्त्यानमृद्ध बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ ।

४. भिक्षु हो ! मैले यस्तो धर्म बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले अनुत्पन्न (उत्पन्न नभएको) औद्धत्य कौकृत्य (उद्धच्च कुकुच्च अर्थात चंचल पश्चाताप) उत्पन्न हुन्छ, उत्पन्न भएको औद्धत्य कौकृत्य (उद्धच्च कुकुच्च) बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ । भिक्षु हो ! त्यो विषय हो ! चित्तको अशान्ति । भिक्षु हो ! अशान्त चित्तको कारणले अनुत्पतित (उत्पन्न नभएको) औद्धत्य कौकृत्य (चित्तको खलबलि गरिएको खराव पापकर्मको कारणले मनमा उब्जिने पश्चाताप) उत्पन्न हुन्छ । उत्पन्न भएको अभिवृद्धि हुन्छ ।

५. भिक्षु हो ! मैले यस्तो धर्म बाहेक अर्को कुनै पनि धर्म (विषय)लाई देख्दिन जसको कारणले अनुत्पन्न (उत्पन्न नभएको) शंका (विचिकिच्छा) उत्पन्न हुन्छ, उत्पन्न भएको शंका बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ । भिक्षु हो ! त्यो विषय हो, गलत तरिकाको विचार । भिक्षु हो ! गलत तरिकाले विचार गर्नाले अनुत्पतित (उत्पन्न नभएको) शंका उत्पन्न हुन्छ, उत्पतित (उत्पन्न भएको) शंका बार बार उत्पन्न भई यसको अभिवृद्धि हुन्छ ।

६. भिक्षु हो ! मैले त्यो धर्म बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले अनुत्पन्न (उत्पन्न नभएको) कामेच्छा (कामच्छन्द, भौतिक सुखको इच्छा) उत्पन्न नै हुँदैन, उत्पतित (उत्पन्न भएको) कामेच्छा नाश भएर जान्छ । भिक्षु हो ! त्यो विषय हो, अशुभ निमित्त भिक्षु हो ! अशुभ निमित्तलाई सही ढंगले मनमा लिनाले अनुत्पतित (उत्पन्न नभएको) कामेच्छा (भौतिक सुख प्राप्त गर्ने इच्छा) उत्पन्न हुँदैन । उत्पन्न भइसकेको कामेच्छा नाश हुँदै जान्छ ।"

७. भिक्षु हो ! मैले यस्तो धर्म बाहेक अर्को यस्तो कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले अनुत्पतित (उत्पन्न नभएको) द्वेष नाश हुनेछ । भिक्षु हो ! त्यो विषय बस्तु हो मैत्री चित्त विमुक्ति । भिक्षु हो ! मैत्री चित्त विमुक्तिलाई ठीक तरिकाले मनमा लिएको खण्डमा अनुत्पन्न (उत्पन्न नभएको) द्वेष (क्रोध, व्यापाद) उत्पन्न नै हुँदैन । उत्पतित (उत्पन्न भएको) द्वेष नाश हुनेछ ।

८. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले अनुत्पतित (उत्पन्न नभएको) स्त्यानमृद्ध (थिनमिद्ध, मानसिक र शारिरीक आलस्य) उत्पन्न हुँदैन, उत्पन्न भएको स्त्यानमृद्ध नाश हुन्छ । भिक्षु हो ! ती विषयहरू



Downloaded from http://www.dhamma.digital

हुन्- आरम्भिक प्रयत्न, अधिकतम प्रयत्न र अधिकतम पराक्रम वीर्य। भिक्षु हो ! आरद्ध वीर्य (परिपूर्ण वीर्य) को कारणले प्रयत्नशील रहनाले अनुत्पतित (उत्पन्न नभएका) स्त्यानमृद्ध (शारिरीक र मानसिक आलस्य) उत्पन्न नै हुँदैनन् र उत्पन्न भएका स्त्यानमृद्ध नाश हुँदै जान्छन् ।

९. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसको कारणले अनुत्पतित (उत्पन्न नभएका) औद्धत्य कौकृत्य (उद्धच्च कुकुच्च अर्थात् पश्चाताप) उत्पन्न नै हुँदैन, उत्पतित (उत्पन्न भएका) औद्धत्य कौकृत्य (उद्धच्च कुकुच्च) नाश हुन्छ। भिक्षु हो ! त्यो विषय हो चित्तको उपशान्त। भिक्षु हो ! उपशान्त चित्तको कारणले अनुत्पतित (उत्पन्न नभएका) औद्धत्य कौकृत्य उत्पन्न, नै हुँदैनन्, उत्पतित (उत्पन्न भएका) औद्धत्य कौकृत्य नाश हुँदै जान्छन् ।

१०. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसको कारणले अनुत्पतित (उत्पन्न नभएको) शंका (विचिकिच्छा) उत्पन्न नै हुँदैन, उत्पतित (उत्पन्न भएको) शंका नाश हुँदै जान्छ। भिक्षु हो ! त्यो विषय हो सही ढंगले विचार गर्नु। भिक्षु हो ! सही ढंगले विचार गर्नाले (अनुत्पतित) उत्पन्न नभएका शंका उत्पन्न नै हुँदैन, उत्पतित (उत्पन्न भएका) शंका नाश हुँदै जान्छ ।

### ३. अकर्मण्य वर्ग

१. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसले अभावित (अभ्यास गरेन) भने त्यो यसरी अकर्मण्य (बेकार) हुन्छ। त्यो विषय बस्तु हो चित्त। भिक्षु हो ! अभ्यास नगरेपछि चित्त अकर्मण्य (वेकारको) हुन्छ ।

२. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसले भावित (अभ्यास गरेपछि) कर्मण्य कामलाग्दो हुन्छ। भिक्षु हो ! त्यो विषय हो, चित्त। भिक्षु हो ! भावित चित्त (अभ्यास भएको चित्त) कर्मण्य (कामलाग्दो) हुन्छ ।

३. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसले अभावित (अभ्यास गरेन भने) त्यो महान अनर्थकारी (निरर्थक) हुन्छ । भिक्षु हो ! त्यो विषय हो चित्त । भिक्षु हो ! अभावित (अभ्यास नभएको) चित्त महान अनर्थकारी (निरर्थक) हुन्छ ।

४. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसले भावित (अभ्यास गरेपछि) महान अर्थ (हित) हुन्छ । भिक्षु हो ! त्यो विषय हो, चित्त । भिक्षु हो ! भावित (अभ्यास सहितको) चित्त महान अर्थ (हित) को निमित्त हुन्छ ।

५. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसले अभावित (अभ्यास नगर्नाले) र अप्रादुर्भूत (उत्पन्न नहुनाले) यस्तो महान अनर्थ (निरर्थक) हुन्छ । भिक्षु हो ! त्यो विषय हो । चित्त । भिक्षु हो ! अभावित (अभ्यास नगर्नाले) र अप्रादुर्भूत (उत्पन्न नहुनाले) चित्त महान अनर्थ (निरर्थक) हुन्छ ।

६. भिक्षु हो ! मैले यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय) लाई देख्दिन जसले भावित (अभ्यास) र प्रादुर्भूत उत्पन्न हुनाले महान अर्थ (हीत) को निम्ती हुनेछ । भिक्षु हो ! त्यो धर्म (विषय) हो चित्त । भिक्षु हो ! (भावित) अभ्यास पूर्ण र प्रादुर्भूत (उत्पन्न भएको) चित्त महान कल्याणकारी हुन्छ ।

७. भिक्षु हो ! मैले यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसले अभावित (अभ्यास नगर्नाले) र बार बार अभ्यास नगर्नाले महान अनर्थकारी (निरर्थक) हुन जान्छ । भिक्षु हो ! त्यो धर्म (विषय) हो चित्त । भिक्षु हो ! अभावित (अभ्यास नगर्नाले) र बार बार अभ्यास नगर्नाले चित्त महान अनर्थको (निरर्थक) हुन्छ ।

८. भिक्षु हो ! मैले यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसले भावित (अभ्यास गर्नाले) र बार बार अभ्यास गर्नाले



Downloaded from http://www.dhamma.digital

यस्तो महान कल्याणकारी हुन्छ । भिक्षु हो ! त्यो धर्म (विषय) हो चित्त । भिक्षु हो । भावित (अभ्यास) गर्नाले र बार बार अभ्यास गर्नाले चित्त महान कल्याणकारी हुन्छ ।

९. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) देख्दिन जसले अभावित (अभ्यास नगर्नाले) र बार बार अभ्यास नगर्नाले यस्तो दुःखदायी हुन्छ । भिक्षु हो ! त्यो विषय वस्तु हो चित्त । भिक्षु हो ! अभावित (अभ्यास नगर्नाले) र बार बार अभ्यास नगर्नाले चित्त धेरै दुःखदायी हुनेछ ।

१०. भिक्षु हो ! मैले यो धर्म (विषय) बाहेक अर्को कुनै पनि धर्म (विषय) देख्दिन जसले भावित (अभ्यास गर्नाले) र बार बार अभ्यास गर्नाले यस्तो सुखदायी हुन्छ । भिक्षु हो ! त्यो विषय बस्तु हो चित्त । भिक्षु हो ! भावित (अभ्यास गर्नाले) र बार बार अभ्यास गर्नाले चित्त सुखदायी हुन्छ ।

### ४. अदान्त वर्ग

१. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसलाई अदान्तित (दमन गरिएन भने) धेरै अनर्थकारी हुन्छ । त्यो विषय वस्तु हो, चित्त । भिक्षु हो ! अदान्तित (दमन नगरिएको) चित्त महान अनर्थकारी हुन्छ ।

२. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जसलाई दान्त (दमन) गरिएको खण्डमा कल्याणकारी हुन्छ । भिक्षु हो ! त्यो बिषय वस्तु हो- चित्त । भिक्षु हो ! दान्त चित्त कल्याणकारी हुन्छ ।

३. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (बिषय वस्तु) लाई देख्दिन जसलाई अरक्षित अर्थात रक्षा नगरिएमा महान अनर्थकारी हुन्छ । भिक्षु हो ! त्यो विषय वस्तु हो चित्त । भिक्षु हो ! रक्षा नगरिएको चित्त महान अनर्थकारी हुन्छ ।

४. भिक्षु हो ! मैले त्यो धर्म (बिषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (बिषय वस्तु) लाई देख्दिन जसलाई रक्षित अर्थात रक्षा गर्नाले महान कल्याणकारी हुन्छ । भिक्षु हो ! त्यो बिषय वस्तु हो चित्त । भिक्षु हो ! रक्षित चित्त (सुरक्षित चित्त) महान कल्याणकारी हुन्छ ।

५. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जुन असयत (असंयम) हुँदा महान अनर्थकारी हुनेछ । भिक्षु हो त्यो विषय वस्तु हो चित्त । भिक्षु हो ! असंयत (असंयम) चित्त महान अनर्थकारी हुनेछ ।

६. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (बिषय वस्तु) लाई देख्दिन जुन संयत (संयम) भइदिंदा कल्याणकारी हुन्छ । भिक्षु हो ! त्यो बिषय वस्तु हो, चित्त । भिक्षु हो ! संयत (संयम) चित्त ज्यादै कल्याणकारी हुन्छ ।

७. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (बिषय बस्तु) लाई देख्दिन जुन अदान्तित भयो भने दमन गरिएन भने अरक्षित भयो भने (रक्षा गरिएन भने), असंयत भयो भने (असंयम भयो भने) यस्तो महान अनर्थकारी हुन्छ । भिक्षु हो ! त्यो विषय वस्तु हो चित्त । भिक्षु हो ! अदान्त (दमन नगरिएको), अरक्षित (रक्षा नगरिएको), असंयत (असंयमी) चित्त महान अनर्थकारी हुन्छ ।

१०. भिक्षु हो ! मैले त्यो धर्म (विषय वस्तु) बाहेक अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जुन दान्त (दमन गरिएको), रक्षित (सुरक्षित), र संयत (संयमित) हुनाले यो महान कल्याणकारी हुन्छ । भिक्षु हो ! त्यो विषय वस्तु चित्त हो । भिक्षु हो ! दान्त (दमन गरिएको) रक्षित (सुरक्षित) र संयत (संयमित) चित्त ज्यादै कल्याणकारी हुन्छ ।

### ५. शूक वर्ग

१. भिक्षु हो ! जसरी धानको बोट वा जौको बोट ठीक तरिकाले राखिएको छैन भने त्यसमाथि हाम्रो हात वा खुट्टा पर्ने वित्तिकै ती बोटहरूले हाम्रो हात खुट्टालाई काटी रगत निकाल्छ नै भन्ने कुरा सम्भव हुने छैन । यस्तो किन हुन्छ त ? भिक्षु हो ! धानको बोटलाई ठीक



Downloaded from http://www.dhamma.digital

तरिकाले नराखिएको कारणले । यसरी नै भिक्षु हो ! कोही भिक्षुको ठीक तरिकाले नराखिएको चित्तले अविद्यालाई काटी विद्या प्राप्त गर्न सक्नेछ र निर्वाण प्राप्त गर्न सक्नेछ भन्ने कुरा पनि सम्भव हुने छैन । यस्तो किन भएको त ? यो पनि ठीक तरिकाले नराखिएको चित्तको कारणले हो ।

२. भिक्षु हो ! जसरी धानको बोट वा जौको बोट ठीक तरिकाले राखिएको छ भने त्यसमाथि हाम्रो हात वा खुट्टा पर्ने बित्तिकै ती बोटहरूले हाम्रो हात खुट्टालाई काटी रगत निकाल्ने सम्भावना हुन्छ । यस्तो किन हुन्छ त ? भिक्षुहरू हो ! धानको बोटलाई ठीक तरिकाले राखिएको कारणले । यसरी नै भिक्षु हो ! ठीक तरिकाले राखिएको भिक्षुको चित्तले अविद्यालाई काटी बिद्या प्राप्त गर्न सक्नेछ र निर्वाणलाई साक्षात्कार गर्न सक्नेछ । यस्तो किन भएको त ? चित्त ठीक तरिकाले राखिएको कारणले हो ।

३. भिक्षु हो ! यहाँ प्रदुष्ट (द्वेष युक्त) चित्त भएको कुनै एक व्यक्तिको त्यस चित्तलाई मेरो चित्तले यसरी चिन्छ- यदि यही समयमा त्यस व्यक्तिको मरेको खण्डमा मृत्यु पश्चात् त्यस ब्यक्तिलाई नर्कमा राखिदिएको जस्तो लाग्ने छ । यस्तो किन हुन्छ त ? भिक्षु हो ! त्यस ब्यक्तिको चित्त नै द्वेष युक्त छ । भिक्षु हो ! द्वेष युक्त चित्तको कारणले नै यहाँ कोही प्राणीहरू मृत्यु पश्चात देह त्यागी अपाय दुर्गति र विनिपात नर्कमा उत्पन्न हुन पुग्छन् ।

४. भिक्षु हो ! यहाँ एक (श्रद्धा) प्रसन्न चित्त भएको कुनै एक ब्यक्तिको त्यस चित्तलाई मेरो चित्तले यसरी चिन्छ- यदि यही समयमा त्यस ब्यक्ति मरेको खण्डमा मृत्यु पश्चात् त्यस ब्यक्तिलाई स्वर्गमा राखिदिएको जस्तो लाग्ने छ । यस्तो किन हुन्छ त ? भिक्षुहरू हो ! त्यस ब्यक्तिको चित्त नै श्रद्धा युक्त छ । भिक्षुहरू हो ! श्रद्धा युक्त चित्तको कारणले नै यहाँ कोही प्राणीहरू मृत्यु पश्चात् देह त्यागी सुगति, स्वर्गलोकमा उत्पन्न हुन पुग्छन् ।

५. भिक्षु हो ! जसरी पोखरीको पानी मैलो छ, चलिराखेको छ र हीलोले युक्त छ भने त्यस पोखरीको छेउमा उभिएको चक्षुवान व्यक्तिले पोखरीमा न सीपी देख्छ, न शंख देख्छ, न कंकड देख्छ, न ढुङ्गा देख्छ, न चलिराखेको र नचलीकन स्थिर रुपमा रहेको माछा नै देख्छ । यस्तो किन हुन्छ त ? भिक्षुहरू हो ! पानी फोहर हुनाको कारणले । त्यसरी नै भिक्षु हो ! त्यस भिक्षुले आफ्नो फोहर चित्त (खराब चित्त) द्वारा आफ्नो हित गर्ने अरुको हित गर्ने उभय हित गर्ने र साधारण मनुष्य धर्मबाट अगाडि बढी बिशिष्ट आर्य ज्ञान दर्शन गर्ने आदि जस्ता राम्रा कार्यहरू गर्ने ज्ञान प्राप्त गर्न सम्भव छैन । यो के कारणले त ? भिक्षु हो ! चित्त फोहर भएको कारणले ।

६. भिक्षु हो ! जसरी पोखरीको पानी राम्रो छ, स्वच्छ छ, (निर्मल) सफा छ भने त्यस पोखरीको छेउमा उभिएको चक्षुवान ब्यक्तिले पोखरीमा भएको सीपी पनि देख्छ, शंख पनि देख्छ, कंकड पनि देख्छ, ढुङ्गा पनि देख्छ, र चलिराखेका र नचलीकन स्थिर रुपमा बसेका माछाहरू पनि देख्नेछ । यो के कारणले त ? भिक्षुहरू हो ! पानी सफा हुनुको कारणले । यसरी नै भिक्षुहरू हो ! त्यस भिक्षुले आफ्नो निर्मल चित्तद्वारा आफ्नो हित गर्ने, अरुको हित गर्ने, उभय हित गर्ने, र साधारण मनुष्य धर्मबाट अगाडि बढी विशिष्ट आर्यज्ञान दर्शन गर्ने आदि जस्ता राम्रा कार्यहरू गर्ने ज्ञान प्राप्त गर्न सम्भव छ । यो के कारणले त ? भिक्षु हो ! चित्त निर्मल र निश्वार्थ भएको कारणले ।

७. भिक्षु हो ! जति पनि रुखहरू छन्, तिनीहरू मध्ये कमलोपन र कामलाग्दो दृष्टिले चन्दनको रुखलाई नै श्रेष्ठ मानिन्छ । यसरी नै भिक्षुहरू हो ! मैले यो धर्म (विषय वस्तु) जस्तो अर्को कुनै पनि धर्म (विषय वस्तु) देख्दिन जुन धर्म (विषय वस्तु) अभ्यास गरे पछि यो ज्यादा मृदु र कामलाग्दो हुन्छ । त्यो धर्म (विषय वस्तु) हो चित्त । भिक्षु हो ! चित्तले भावित (अभ्यास) गरेपछि र बार बार अभ्यास गर्दैलगे पछि यो अति मृदु र कामलाग्दो हुन्छ ।



Downloaded from http://www.dhamma.digital

८. भिक्षु हो ! मैले यो धर्म (वस्तु) जस्तो अर्को कुनै पनि धर्म (विषय वस्तु) लाई देख्दिन जुन यति चाँडै परिवर्तनशील हुन्छ । त्यो धर्म (विषय वस्तु) हो, चित्त । भिक्षु हो ! चित्त यति छिटो परिवर्तनशील हुन्छ, यसको उपमा दिन पनि त्यति सजिलो छैन ।

९. भिक्षु हो ! यो चित्त स्वभाविक रुपबाट शुद्ध छ । तर यसलाई बाहिरी दुषित वातावरण वा बाहिरी मलहरूले दुषित पार्छ ।

१०. भिक्षु हो ! यो चित्त स्वाभाविक रुपबाट शुद्ध छ । त्यसैले यो बाहिरी मलबाट (आगन्तुक उपक्लेशद्वारा) विमुक्त हुन सकेमा निर्मल हुनेछ ।

**६. चुटकी बजाई वर्ग (प्रभाश्वर वर्ग)**

१. भिक्षु हो ! यो चित्त स्वभाविक रुपबाट प्रभावश्वर (निर्मल) र शुद्ध छ । यो बाहिरी दूषित वातावरणद्वारा वा आगन्तुक उपक्लेशहरूद्वारा दूषित हुन पुग्छ । यस कुरालाई अश्रुतवान् अज्ञानी पृथकजनले यथार्थरुपबाट जानेको हुँदैन । त्यसैले म भन्छु- अश्रुतवान् (धर्म श्रवण नगरेका, अनपढ) अज्ञानी पृथकजन (मार्गफल प्राप्त नगरेका अर्थात् मुक्ति मार्ग प्राप्त नगरेका साधारण मानिस) को भावनामय चित्त (एकाग्र चित्त) हुँदैन ।

२. भिक्षु हो ! यो चित्त स्वभाविक रुपबाट प्रभाश्वर (निर्मल) र शुद्ध छ । यसलाई बाहिरी दूषित वातावरणद्वारा वा आगन्तुक उपक्लेशहरूबाट विमुक्त गर्न सकिन्छ । यस कुरालाई श्रुतवान (ज्ञानी, शिक्षित) आर्यश्रावकहरूले यथार्थरुपले जानेको हुन्छ । त्यसैले श्रुतवान म भन्छु, श्रुतवान (ज्ञानी, शिक्षित) आर्यश्रावकको चित्त एकाग्र हुन्छ ।

३. भिक्षु हो ! यदि भिक्षुले क्षणभरमा पनि मैत्री भावना गर्छ भने, भिक्षु हो ! यस्तो भिक्षुलाई - ध्यानी (ध्यानमा अरिक्त भई बस्ने), बुद्धप्रति आज्ञाकारी, बुद्धको उपदेश अनुसार चल्ने ब्यक्ति र राष्ट्रपिण्ड (जनताले दान दिएको खाना) लाई ब्यर्थमा नखाने ब्यक्ति भन्न सकिन्छ । जसले बार बार मैत्री-भावना गर्दछ, उसलाई अरु भन्नु के छ र ?

भिक्षु हो ! जति पनि अकुशल धर्म (नराम्रा खराब कार्यहरू) छन्, ती सबै मन वा चित्तको पछि पछि चल्ने कार्यहरू हुन् । मन पहिला उत्पन्न हुन्छ र सोही मन अनुसार अकुशल धर्म (नराम्रा खराब कार्यहरू) पछि गरिन्छन् ।

भिक्षु हो ! जति पनि कुशल धर्म (राम्रा असल कार्यहरू ) छन्, ती सबै मन वा चित्तको पछि पछि चल्ने कार्यहरू हुन् । मन वा चित्त पहिला उत्पन्न हुन्छ र सोही चित्त अनुसार कुशल धर्म (राम्रा असल कार्यहरू) पछि गरिन्छन् ।

भिक्षु हो ! मैले त्यो विषय जस्तो अर्को विषय देखेको छैन जस्ले गर्दा उत्पन्न नै नभएको अकुशल धर्म उत्पन्न हुन्छ र उत्पन्न भइसकेका कुशल धर्महरूलाई हानी गर्दछ । भिक्षु हो ! त्यो विषय हो प्रमादी (बेहोशी) हुनु ।

भिक्षु हो ! प्रमादी (बेहोशी) ले गर्दा उत्पन्न नभएका अकुशल धर्महरू उत्पन्न हुन्छन् र उत्पन्न भइसकेका कुशल धर्महरू हानी हुने गर्छ ।

भिक्षु हो ! मैले त्यो बिषय जस्तो अर्को विषय देखेको छैन जसले गर्दा उत्पन्न नभएका कुशलहरू उत्पन्न हुन्छन् र उत्पन्न भइसकेका अकुशल धर्महरू हानी हुन्छन् । भिक्षुहरू हो ! त्यो बिषय हो , अप्रमादी (होशीयारी र स्मृतीवान्) हुनु ।

भिक्षु हो ! अप्रमादी (स्मृतिवान् र होशीयारी) बन्नाले उत्पन्न नभएका कुशल धर्महरू उत्पन्न हुन्छन् र उत्पन्न भएका अकुशल धर्महरूको हानी हुने गर्छ

भिक्षुहरू हो ! मैले त्यो विषय जस्तो अर्को विषय देख्दिन जसले गर्दा उत्पन्न नभएका अकुशल धर्म उत्पन्न हुने गर्छ र उत्पन्न भइसकेका कुशल धर्महरूको हानी हुने गर्छ । भिक्षुहरू हो ! त्यो त्यो विषय हो, आलस्य ।

भिक्षु हो ! अल्छी बानीले उत्पन्न नभएका कुशल धर्म उत्पन्न हुन्छ र उत्पन्न भइसकेका कुशल धर्महरूको हानी हुने गर्छ ।



Downloaded from http://www.dhamma.digital

### क्षान्ति पारमिता

२०५४ पुष ६ गते भिक्षु अश्वघोष महास्थविरले दशपारमिता अन्तर्गत क्षान्ति पारमिता बारे क्लास लिनु भयो । क्षान्ति पारमिताको व्याख्या गर्नु हुँदै भन्नुभयो क्रोधलाई हराउने गुणलाई नै क्षान्ति भनिन्छ । यो पारमिता पालन गर्न सजिलो नभए पनि शान्तिको लागि यो सहनशीलता गुण नभई नहुने गुण हो । क्षान्ति पारमिता शत्रुलाई हराउने सबभन्दा ठूलो शस्त्र हो । यो एक प्रकारको ठूलो तपस्या हो भनी बुद्धले भन्नु भएको थियो ।

उक्त दिन ज्ञानेन्द्र महर्जनद्वारा संचालित तारा डंगोलको सभापतित्वमा कार्यक्रम संचालन गरियो । रिपोर्टिङ रामेश्वरी महर्जनले गर्नुभएको थियो ।

### अमेरिका भ्रमण र शिक्षा

२०५४ पुष १९ गते अश्वघोष भन्तेले अध्ययन गोष्ठीको क्लासमा "अमेरिका भ्रमण र शिक्षा" विषयमा क्लास लिनुभयो ।

अन्तर धार्मिक महासंघबाट नोवेम्बर २५ तारिख देखि ३० तारिखसम्म संचालन भएको विश्व शान्ति सम्मेलनमा वहाँ सहभागी हुनुभयो । कोरियाको Moon भन्ने व्यक्तिले आयोजना गरेको त्यस सम्मेलनको मूल उद्देश्य विश्व शान्ति परिवारबाट आउँछ । त्यसकारण परिवारमा परस्पर विश्वास र प्रेमभाव हुनुपर्दछ । अविवाहित जीवन कहिल्यै पनि सुखी हुनसक्दैन वैवाहिक जीवन मात्र सुखी हुन सक्दछ भन्ने भनाई Moon को रहेछ । Moon को यस सिद्धान्तलाई अमेरिकाको क्रिश्चियनहरूले बिरोध गरियो । त्यहाँ लोग्ने स्वास्नी वीच आपसी विश्वास छैन, त्यसकारण Moon ले यो शिद्धान्तलाई प्रचारमा ल्याएको हो । परिवारमा शान्ति नभइकन विश्वमा शान्ति हुँदैन भन्ने कुरा भगवान बुद्धले २५०० सय वर्ष अघि नै पत्ता लगाई "गृही-विनय" वनाउनु भई परिवारमा कसरी शान्ति हुन्छ भन्ने कुराको विस्तृत व्याख्या गर्नुभएको छ ।

सम्मेलनमा विश्वका अनेक धर्मका नेताहरू भेटेका बेलामा सहिष्णुता भावको वातावरण सृजना भयो ।

अमेरिकामा सफाई कार्यक्रममा जनताहरूले अति नै सहयोग गरेका देखिन्छन् । बाटोहरूमा धुलो देखिंदैन । त्यहाँ मानिसहरू शिक्षित छन् । त्यहाँको ट्राफिक व्यवस्था पनि राम्रो छ । अमेरिका विश्वका धनी राष्ट्र भएपनि त्यहाँ गरिव मानिसहरू पनि धेरै देखिन्छन् । मध्यम वर्गीय जनताहरूको जीवन कठिन छ । हब्सीहरूमा सहयोगको भावना धेरै छ ।

उक्त दिनको कार्यक्रम अरूण सिद्धी तुलाधरको सभापतित्वमा ध्रुव स्थापितले संचालन गर्नुभएको थियो भने रिर्पोटिङ्ग मिन शोभा शाक्यले गर्नुभएको थियो ।

२०५४ माघ ११ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक शनिवारीय कार्यक्रम उक्त दिन गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरबाट सत्यपारमिताको बारेमा प्रवचन दिनु हुँदै भन्नुभयो-

यथार्थ रुपमा वास्तविक कुरा प्रकट गर्नु नै सत्य-पारमिता हो । तर सो कुरा अरुलाई धोखा, अहित र बाधा दिनका लागि होइन मैत्री करूणा र प्रज्ञाले युक्त भई निस्वार्थ रुपले अरुको उपकारको लागि गरिनु पर्छ । यसमा सत्य कुरा भन्दैमा उपयुक्त ठाउँ र समय नभए-सम्म त्यस सत्य कुराको कुनै औचित्य रहँदैन । त्यस्तै समय र ठाउँ हेरी यदि कसैको उपकार र फाइदा हुन्छ भने झूठो बोले पनि फरक पर्दैन भन्नु हुँदै वहाँले बाँदर र गोहीको जातक कथा प्रस्तुत गर्नुभयो ।

सभापतिको आसनबाट श्री श्यामलाल चित्रकारले हामीले विहारमा आएर जति पनि सुन्छौं, बुझ्छौं त्यो विहारमै सीमित नराखी दैनिक जीवनमा व्यवहारमा प्रयोग गर्न सकेमा नै विहारमा भएको अध्ययन सार्थकता रहने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रमको संचालन तथा रिर्पोटिङ्ग क्रमशः ध्रुबरत्न स्थापित र श्री ज्ञानेन्द्र महर्जन हुनु हुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

२०५४ पुष १२ गते

भिक्षु निग्रोध थुखुन्हु अध्ययन गोष्ठीया क्लासे बुद्ध शिक्षा बारे प्रवचन याना धया बिज्यात- "बुद्धं ई व थायूयात अध्ययन याना उकीयात ल्वयूक व्यवहार याना बिज्याइगु खः । वसपोल छम्ह भिंगु लँपु क्यना बिज्याइम्ह मार्ग दर्शक जक खः । वसपोलं क्यना बिज्याःगु लँपुई मनूत स्वयं थःथः हे न्ह्याःवने माः ।" थ्वहे.क्रमे भन्तेनं धया बिज्यात- छन्हु बुद्धं छम्ह सलजवाः नापलाना वयात गुकथं सल लहीगु धकाः न्यना बिज्यात । सलजवाः नं धाल- स्वंगू तरिकां लहीगु व थुकथं खः-

१) माया याना सेखे यायूगु २) माया याना मज्यूपिन्त दाया ख्याना सेखे यायूगु ३) निगूकथं मज्यूपिन्त स्याना छ्वयूगु ।

थ्व खँ न्यना बुद्धं धया बिज्यात- "जिं नं सत्व प्राणीपिन्त छंथें हे स्वंगू तरिकां दमन यायूगु खः । व थुकथं खः -

१) न्हापां सत्त्वप्राणीपिन्त करूणा तया दुःखं मुक्तिया मार्ग क्यनेगु । उदाहरणया लागी- भिंगु ज्यां भिंगु हे फल दै धका ।
२) मभिंगु ज्या वा अकुशल ज्या यात धाःसा मभिंगु हे फल वै वा दुर्गती पतन ज्वी धका भय क्यना ।
३) थुलिनं मज्यूसा थःथःगु कर्म कथं थःथम्हं हे फल भोग याय् माली धका उपेक्षा भाव तया सुंक च्वनेगु ।

थुगु बुद्धकालीन घटनां लिपा वसपोल बर्मा बिज्याःबलेयागु अनुभव कना बिज्यासे धया बिज्यात-

"बर्माय् बुद्धभूमी नेपालं वःपिं नेपालीतयूत तसकं हे आदर सत्कार तइगु जुयाच्वन । बर्माया तपुस्स व भल्लुक धयापिं निम्ह ब्यापारितसें बुद्धया सँ बर्माय् यंका उगु सँ गर्भय् तया सुवर्ण वर्णया चैत्य दयूकुसांनिसे अन बुद्ध धर्मया इतिहास शुरु जूगु खः । अन अप्पो धयाथें बुद्ध मूर्ति व चैत्यत १००० वर्ष पुलांगु दु । १००० वर्ष न्ह्यो निसें अन बौद्ध परम्परा न्ह्याना वयाच्वंगुलिं बर्मीतयूके बौद्ध संस्कार दयाच्वंगु दुसानं अप्पो मनूत भक्तीमार्गे लाना च्वंगु खनेदु । बर्माय् बुद्ध धर्म च्वन्ह्यानाच्वंगुया कारण खास याना परियत्तिया नापनापं प्रतिपत्ति (ध्यान) शिक्षाया कारणं खः ।

बर्मा बौद्ध देश जूसानं अन अप्पो धयाथें मनूत क्रिश्चियनत व मुश्लिम यक्को दु । उकिं अन चर्च व मस्जिदत बुद्ध विहारया तुलनाय् अप्पो खनेदु । तर बर्माया कला कृतित खनीबले अन बुद्ध धर्म लोप जुइथेंला मच्वं । अथे जूसां क्रिश्चियन व मुश्लिम धर्मया कारणं बर्माय् बुद्ध धर्मय् बाँमलाःगु प्रभाव लाइ धका अन च्वंपिं भन्तेपिं व धर्म गुरुपिं ग्याः ।

नेपालय् बुद्ध धर्मया पुनःस्थापना जूगु हे बर्माय् बुद्ध धर्म संरक्षण जुया च्वंगुलिं खः । उकिं नेपालय् नं बुद्ध धर्म विस्तार वा संरक्षण यायूगु खःसा परियत्ति शिक्षाया विस्तार यायमाः ।"

## बुद्ध ज्वीगु इच्छा

✍ **चैत्यरत्न बुद्धाचार्य**, ख्वप ।

जन्म जन्म पतिं दुःख सिया वन ।
बोधिज्ञान लायूगु अभिलाषा याना ॥
जन्म जुया क्यन नेपाया लुम्बिनी बनय् ।
विश्वय् फैले जुल थुगु पुण्य तीर्थ जून ॥

विशाल भारतया बुद्धगयाय् बोधिज्ञान लाना कया ।
वहे ज्ञान इना विल पञ्चभद्रपिन्त मृगदावनय् ॥
अनित्य, दुःख अनात्मायात चिन्तन मनन् याव ।
जन्म जरा ब्याधी मरण बोध याना काःव ॥

राग, द्वेष, मोह, लोभ, क्रोध थैगु तापाका छ्वःव ।
शील, समाधि, प्रज्ञाया तिसां शरीरय् तियाव ॥
थुगु समाज मैत्री करूणां जागु नीस्वना बिव ।
थुलि हे सत्यतां ज्ञान कया विल धाःसा शान्ति ज्वीव ॥

थुगु हे जीवने सुख, शान्तिं, च्वना निर्वाण लानाव ।
केना थकल बुद्धं थःगु तुतिं थः दनेमाः धयाव ॥
थःहे मत जुया ख्युँगु लँयात प्रकाश केनाव ।
ज्वीमाल सकलें ज्ञानी, गुणी, शील, प्रज्ञां, सम्पन्न जुया व ॥

सर्वे भवन्तु सुखिन



Downloaded from http://www.dhamma.digital

### बौद्ध जागरण शिविर

स्थान : धादिङ्ग जिल्लाका १६ वटा गा.वि.स. हरू

युवक बौद्ध मण्डल नेपालले युवा वर्गमा बुद्ध धर्म सम्बन्धि ज्ञान विकास गरी मुलुकमा शान्ति स्थापना गर्ने उद्देश्यले शहरी क्षेत्रमा मात्र नभई दुर्गम क्षेत्रहरूमा समेत स्थानिय जनजाति वर्गहरूका लागि विगतका वर्षहरू देखि बौद्ध जागरण शिविरहरू संचालन गर्दै आइरहेको छ । यसै सिलसिलामा युवक बौद्ध मण्डल नेपालको धादिङ्ग गुम्दि शाखाको आयोजनामा शाखाका सल्लाहकार कप्तान श्री रणबहादुर गुरुङ्गको सक्रियतामा गत २०५४ बैशाख २ गते देखि करिव ३ महिना सम्म बौद्ध जागरण शिविर संचालन गरिएको समाचार छ ।

बर्माका श्रद्धेय भिक्षु जटिलको प्रशिक्षकत्वमा संचालित उक्त शिविरमा बुद्ध धर्म सम्बन्धि प्रारम्भिक ज्ञानहरू (पञ्चशील, त्रिरत्न वन्दना, चतुआर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, प्रतित्य समुत्पाद, परित्राण सूत्र एवं ध्यान भावना) सम्बन्धि प्रशिक्षणहरू पनि दिइएको थियो ।

शिविर संचालनका लागि आवश्यक आर्थिक, खाद्यान्न, औषधिहरू, बुद्ध धर्म सम्बन्धि पुस्तकहरू र फोटो कार्डहरू आदि यु.बौ.म. केन्द्रबाट नै सहयोग स्वरुप उपलब्ध गराइएका थिए । त्यस्तै भिक्षु अश्वघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर र भिक्षुणी धम्मवती र विश्वशान्ति पुस्तकालयबाट बुद्ध धर्म सम्बन्धि अमूल्य पुस्तकहरू सहयोग स्वरुप उपलब्ध गराइदिनु भएको थियो । सो कार्यक्रमका लागि आशाराम शाक्य, भक्तिदास श्रेष्ठ, ठाकुरमान शाक्य, नारायण प्रसाद श्रेष्ठ, मदन वज्राचार्य आदिबाट पनि आर्थिक सहयोग प्राप्त भएको थियो । सो शिविरका लागि प्रत्यक्ष सहयोग प्रदान गर्नु हुने महानुभावहरू यसरी हुनुहन्थ्यो - पवित्र वहादुर बज्राचार्य, शन्त वीर वलेज्यू, दार्खा भोगटानका भेषबहादुर ग्रेम्बा, दार्खा धम्सका पुटली वाइबा, राधा थरकट सेमजुङ्ग, चौताराका रेणुका लामा, धर्मराज र झापा जिल्लाका रामकृष्ण ढुंगाना आदि थिए ।

### समवेदना

संखुवासभा जिल्ला चैनपुर वजार निवासी श्री शिल ज्योति शाक्यको ८१ वर्षको उमेरमा ललितपुर जिल्ला, ललितपुर-२, सानेपामा यही २०५४ साल माघ ८ गतेका दिन स्वर्गारोहण भयो । वहाँले चैनपुर स्थित श्री सिद्ध विहारको स्थापनार्थ सहयोग गर्नु भई २००४ साल देखि नै बौद्ध धर्म प्रचारका लागि योगदान गर्नुभएको थियो ।

श्री चन्द्रज्योति शाक्यको संयोजकत्वमा १३ दिन सम्म बौद्ध धर्म परम्परा अनुसार परित्राण पाठ र धर्म देशना गरी वहाँको पुण्य स्मृतिमा उहाँका सपरिवारले पुण्यानुमोदन गरेको समाचार छ ।

### मैत्री संघको वार्षिकोसव

मैत्री संघ पोखराले आफ्नो स्थापनाको एक वर्ष पुरा गरेको उपलक्ष्यमा यहाँ मिति २०५४।९।१२ गते एक समारोहको आयोजना गरी मैत्री संघको पहिलो वार्षिकोत्सव मनाईयो ।

शील प्रार्थनाबाट आरम्भ भएको वार्षिकोत्सव कार्यक्रमको शुभारम्भ भिक्षु श्रद्धानन्दले दीप प्रज्वलित गरी गर्नुभएको थियो ।

मैत्री संघका अध्यक्ष विश्व शाक्यको अध्यक्षतामा सम्पन्न सो समारोहमा सनातन धर्म सेवा समिति कास्कीका सभापति रवीन्द्र माकाजू, स्वामी चैतन्य (मुक्तिलाल श्रेष्ठ), धर्मोदय सभाका हरिध्वज तुलाचन, नेत्रज्योति संघका सभापति अशोक पालिखे, दायक सभाका कृष्णमान गुभाजू, सो संघका सल्लाहकार विल वहादुर गुरूङले मैत्री संघले बुद्ध शिक्षाको प्रचार प्रसारमा देखाएको सक्रियताको प्रशंसा गर्दै संघको उत्तरोत्तर क्रियाशीलताको कामना व्यक्त गर्नुभयो ।

मैत्री संघका सचिव गोविन्द्र ताम्राकारले संघको वार्षिक प्रतिवेदन आगामी वर्षको कार्ययोजना संक्षेपमा प्रस्तुत गर्नुभएको थियो ।

भिक्षु श्रद्धानन्दले बुद्ध धर्मको मौलिक आर्दशहरूमा प्रकाश गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

### धरानको कृतज्ञाता ज्ञापन

२०५४ पुस २६ गतेका दिन, ज्ञानमाला भजन खल:को ६० औं बार्षिक उत्सव तथा "भद्र जयन्ति" को सुखद उपलक्ष्यमा राष्ट्रिय सभागृहको सभाकक्षमा का.म.न.पा. का नगर प्रमुख श्री केशव स्थापितज्यूको प्रमुख आतिथ्य, पुज्यनिय भन्तेज्यूहरू, गुरूआमाहरूको गरिमामय उपस्थिति तथा विभिन्न जिल्लाहरूबाट पाल्नु हुने धर्म प्रेमी उपासक, उपासिकाज्यूहरूको सुखद सानिध्यमा "ज्ञानमाला संघ" सुनसरी, धरानको प्रस्तुति "नमो बुद्धाय:" नामक ज्ञानमाला भजन संग्रह "क्यासेटको विमोचन" पुज्यनिय भन्ते सुदर्शनज्यू द्वारा गराउने सौभाग्य प्राप्त भएको छ ।

तथागत बुद्धको महान शान्ति सन्देश तथा व्यवहारिक शिक्षालाई सर्वत्र व्यापक तुल्याउने सुक्ष्म प्रयास स्वरूप यस ज्ञानमाला संघद्वारा आफ्नै सदस्यहरूको मेहनत र लगनबाट "नमो बुद्धाय:" बुद्ध भजन क्यासेट सृजना गरी यहाँहरू समक्ष राखेका छौं । कुनै पनि सृजनाले यथोचित परिचय, स्याहार, सम्वर्धन पाएको खण्डमा एक महान उपलब्धी हुन सक्छ भन्ने कुरालाई नकार्न सकिदैन ।

ज्ञानमाला भजन खल: स्वयम्भूले उपरोक्त कार्यक्रममा यस क्यासेटलाई सम्पूर्ण बौद्धमार्गी तथा नेपालीहरूमा परिचय गराउन "क्यासेट विमोचन" गराउने सुअवसर यस संघलाई प्रदान गर्नु भएकोमा, अध्यक्षज्यू लगायत सम्पूर्ण पदाधिकारीहरूप्रति हामी ज्ञानमाला संघ सुनसरी परिवार हृदयदेखि आभार तथा कृतज्ञता ज्ञापन गर्दछौं ।

वहाँहरूको यस प्रकारको सहयोग तथा संरक्षणले ज्ञानमाला भजनको उद्देश्य तथा लक्ष्य प्राप्तिमा सर्वत्र व्यापकता आउने छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्तमा क्यासेट खरिद गरी धम्मदान गर्नु हुने सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक धन्यवाद ।

### पोखरामा प्रव्रज्या

२०५४ माघ २५ गते शनिवारका दिन धाडिङ्ग जिल्ला सेमजोङ गा.वि.स. चौतारा गाउँका पिता जंगबहादुर तामाङका पुत्र गब्बर सिंह तामाङ वर्ष १२ लाई धर्मशीला बुद्ध विहार पोखरामा थेरवाद बुद्ध शासन अनुसार भिक्षु सुभद्र स्थविरको उपाध्यायत्वमा श्रामणेर प्रव्रज्या सम्पन्न भएको छ । नव श्रामणेरको नाम जंगपुत्र राखिएको छ भने अध्ययन तथा अन्य जिम्मेवारी भिक्षु विशुद्धानन्द (सम्यक सम्बोधि) स्थविरले वहन गर्नु हुनेछ । त्यसैले श्रामणेरको आचार्य भिक्षु विशुद्धानन्द स्थविर हुनु भएको छ । प्रव्रज्या कार्यक्रममा भिक्षु श्रद्धानन्द स्थविरले सहयोग गर्नुभएको छ ।

### तानसेनमा "बौद्ध छलफल गोष्ठी"

बुद्ध विहार होलाङ्दी तानसेनमा करूणा बौद्ध संघको आयोजनामा प्रत्येक महिनाको १ गते धार्मिक कार्यक्रम संचालन हुँदै आएको छ । विगत कार्तिक १ गते देखि बुद्ध पूजा र शील प्रार्थना पछि "बौद्ध छलफल गोष्ठी"को सुरुवात गरिएको छ । हालसम्म ३ पटक संचालन भएकोमा प्रेममान शाक्य, बाबुकाजी शाक्य, दशरथमुनि शाक्य, अनन्तकुमार वज्राचार्य, विश्वमान वज्राचार्य र छत्रराजशाक्यबाट दान र शील विषयमा आफ्ना विचारहरू व्यक्त गरे पछि पश्नोत्तर र छलफल कार्यक्रम राखिएका थिए । उक्त छलफल गोष्ठी छत्रराज शाक्यको अध्यक्षतामा संपन्न भएको थियो । भिक्षु ञाणरंसी (श्रीलंका) बाट धर्मदेशना र पुण्यानुमोदन गरिएको थियो । आगामी १ फागुणमा छत्रराज शाक्यबाट "भावना" विषयमा प्रवचन कार्यक्रम राखिएको छ ।

### दिवंगत संघनायकको स्मृतिमा ध्यान भावना

विपश्यना ध्यान संघको आयोजना, आनन्द विहार तानसेनमा संघनायक श्री भिक्षु शाक्यानन्द महास्थविरज्यू दिवंगत हुनु भएको ३ महिनाको पुण्य तिथिमा, उहाँको पुण्य स्मृतिमा १ घण्टा ध्यान भावना गरी पुण्यानुमोदन गरिएको थियो । साथै ध्यान संघ बाट पारित एक निर्णयमा श्रद्धेय शाक्यानन्द भन्तेज्यू उक्त संघको अध्यक्षको हैसियतले बराबर हुने ध्यान अभ्यास कार्यक्रममा मार्ग निर्देशन गर्नुको साथै बुद्ध धर्म प्रचार प्रसार गर्न महत्वपूर्ण योगदान दिनु भएको कुराको पनि चर्चा गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

### प्रव्रज्या समारोह

सिद्धि मंगल बुद्ध विहार ललितपुरमा पूज्य भिक्षु अनिरुद्ध महास्थविरको उपाध्यायत्त्वमा र श्रद्धेय कालु उदाई महास्थविरको संरक्षकत्वमा ७ दिनको लागि ७ जवान व्यक्तिहरूलाई दुर्लभ श्रामणेर गरिएको समाचार प्राप्त भएको छ । श्रामणेर हुने व्यक्तिहरूको नामावली

(१) शान्तराम महर्जन (२) जगमोहन महर्जन (३) सनम महर्जन (४) किशोर महर्जन (५) सुरेश महर्जन (६) सुरोज (७) सुस्म

### बौद्ध गतिविधी बुद्ध विहार धरान -८

१. गत श्रावण ४ गते २०५४ सालबाट शुरु भएको वर्षावासको समयमा विभिन्न दुर्गम क्षेत्रबाट आउनु भएका विद्यार्थी भाइ बहिनीहरूलाई बर्माबाट आउनु भएका भिक्षु जटील ज्यूले र भिक्षु धर्मवंश ज्यूको उपाध्यायमा वर्षावास भरीको लागि अस्थाई श्रामणेर २२ जना र ऋषिणी ५ जना गरी २७ जनालाई प्रव्रजित गराउनु भयो ।

२. यसैगरी गुँला पारू धर्मको समय (एकमहिनाको लागि) श्रीमति धर्मकुमारी मोक्तान अस्थाई गुरुमाँकोरुपमा प्रव्रजित हुनुभयो । यसरी नै सोही समय श्रीमती कृष्ण प्यारी ताम्राकार, श्रीमति शुभलत्ता श्रेष्ठ र श्रीमती मिनकुमारी ताम्राकार गरी ३ जना ऋषिणी प्रव्रजित भएका थिए ।

३. यसरी नै ललितपुरबाट आउनुभएका श्री धर्मराज तामाङ्ग, श्री अरूण मोक्तान, श्री रनवाहादुर तामाङ्ग र दक्षिण ललितपुरबाट आउनु भएका श्री चन्द्रवाहा तामाङ्ग लगायत ४ जना १० दिन को लागि अस्थाई श्रामणेर बन्नु भै प्रव्रजित हुनुभयो ।

४. यसैगरी सुनसरी जिल्ला मरौली निवासी श्री मनोज रावत र सुश्री लक्ष्मी चौधरीको बौद्ध संस्कार अनुरुप शुभ विवाह सम्पन्न भयो । उक्त विवाहमा बौद्ध उपासक श्री के.वी मोक्तान द्वारा पञ्चशील बुद्धपूजा आदि र परित्राण पाठ गरीएको थियो । थारू जातिमा बौद्ध संस्कार अनुरुप विवाहभएको यो पहिलो हो ।

५. श्रामणेर र ऋषिणी बन्ने विद्यार्थी भाइ वहिनीहरू धेरै जसो धाडिङ्ग दुर्गम क्षेत्रबाट भिक्षु जटील ज्यूलेनै पाल्नु भई बुद्ध धर्म देशना गरी ती विद्यार्थीहरूलाई ल्याएका हुन् । बुद्ध धर्म परियत्ति शिक्षा र प्रतित्य समुत्पाद धर्मको कक्षा दैनिक वेलुकि ५ बजे देखि ६ बजे सम्म संचालन भइरहेको थियो । आउनु होस् बुद्ध शिक्षा अध्ययन गर्नुहोस् । भवतु सब्ब मंगलं ।

**२०५४ मंसीर २२ गते**

अष्टमीका दिनमा पूज्यपाद संघ नायक शाक्यानन्द महास्थविर ज्यूको स्वर्गारोहणको ४५ औं दिनको पूण्य तिथीमा उहाँको पुण्य स्मृतिमा महाचैत्य विहार बौद्ध महिला आजिवन दायक समितिको आयोजनामा कार्यक्रम संपन्न गरीयो ।

विहान ७ बजे ज्ञानमाला भजन प्रार्थना बुद्ध पूजा र भन्ते ज्यू प्रति श्रद्धान्जली दिनेक्रममा 'ज्ञानमाला संघ आनन्द विहारका अध्यक्ष विश्वमान बज्राचार्य ज्यूबाट श्रद्धाञ्जली अर्पण गर्दै बौद्धहरू एकता भई कार्यक्रम गर्नुपर्छ भन्नु भयो । ज्ञानमाला सभा महाचैत्य विहारका अध्यक्ष कृष्ण प्रसाद शाक्यबाट तानसेनमा धर्म प्रचारमा भन्तेको ठूलो देन छ भन्नुभयो । संम्पूर्ण बौद्ध संघ संस्थाको तर्फबाट दशरथ मुनी शाक्यज्यूबाट हामी बुद्ध शिक्षा अनुरूप आचरण गर्नसके मात्र सच्चा बौद्ध हुनेछ भन्नुभयो ।

अन्तमा श्रीलंकाबाट आउनु भएका पूज्य भन्तेज्यूबाट दानको बारेमा उपदेश दिनुभयो र सभाको अन्तमा आजिवन दायक समितिका अध्यक्ष सुश्री सुमना शाक्यज्यूबाट सभा संचालन गरी भन्तेज्यूलाई श्रद्धासुमन अर्पण गरी पूण्यानुमोदन गरी कार्यक्रम सम्पन्न भयो ।

### धरानमा रक्तदान

सम्यक शिक्षा समूह, स्वयम्भू चैत्य महाविहार धरानको चौथो वार्षिक उत्सवको पुनित अवसरमा मिति २०५४ पौष २५ गते रक्तदान कार्यक्रम सम्पन्न भएको समाचार छ । श्याम गोविन्द श्रेष्ठको प्रमुख आतिथ्यमा र प्रमेश ताम्राकारको संयोजकत्वमा सम्पन्न भएको उक्त कार्यक्रममा धरान नगर पालिकाका उपप्रमुख, मानव अधिकार संगठनका सल्लाहकार, पं. छविलाल पोखरेल, नेपाल रेडक्रस सोसाइटी सुनसरी, नेपाल स्काउट सुनसरी, रेयूकाई नेपाल धरान शाखा पूर्वाञ्चल ज्ञान चक्षु विद्यालय, अनाम नाटच जमातका, पणामेनाटच समूह, धरान १२ का महिला सदस्य आदि संस्थाहरूका पदाधिकारीहरूको स्वागत तथा सम्मान गरिएको थियो ।

समूहका अध्यक्ष सुश्री विद्या शाक्यको सभापतित्वमा र समूहका उपाध्यक्ष श्री सुरज शाक्यको उदघोषणमा संचालित उक्त कार्यक्रममा परियत्ति कक्षा ३ मा बोर्ड प्रथम हुनु हुने प्रनिता तामाङ्ग लगाएतका प्रथम



Downloaded from http://www.dhamma.digital

श्रेणीमा उत्तिर्ण हुनु हुने अजित राई, अमिना तामाङ्ग, नविन रायमाझी, रोहिना ताम्राकारलाई पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि श्यामगोविन्द श्रेष्ठ, धरान नगर पालिकाका उपमेयर कृष्ण नारायण पालिखे, मोहन प्रधान मोहन श्रेष्ठले मन्तब्य ब्यक्त गर्दै समूहका प्रगतिको लागि शुभकामना दिनु भएको थियो ।

अध्यक्ष सुश्री विद्या शाक्यको अध्यक्षिय मन्तब्य तथा संयोजक प्रमेश ताम्राकारको धन्यवाद ज्ञापन पछि शुरू गरिएको रक्तदान कार्यक्रममा मोहन श्रेष्ठ, सुरज शाक्य, प्रमेश ताम्राकार, अजित राई, दीपक शाक्य, मिना देवान, पानस गुरुङ्ग, नन्दकिशोर हलवाई, पिकल सुब्बा, सन्तोष राई, राजिव कटुवाल, तेजु श्रेष्ठ, रिसान्त श्रेष्ठ, राजेश थापा, कैलश कार्की, राकेश शाक्य, गोविन्द शाक्य, नवराज शाह, बासुदेव बराल, विष्णु बराल, लक्ष्मी शाक्य, विशाल श्रेष्ठ, भरतपूर्ण श्रेष्ठ, विनोद शाक्य र सुनिल गोविनद श्रेष्ठ गरी जम्मा २५ जनाले रक्तदान गर्नुभउको थियो ।

स्वयम्भू चैत्य महाविहार उपासिकाहरूको पूर्ण सहयोग एवं सक्रियतामा सम्पन्न भएको कार्यक्रममा समूहका नयाँ सदस्यहरूलाई सदस्यता कार्ड, अध्यक्ष सुश्री विद्या शाक्यले प्रदान गर्नुभएको थियो भने उक्त समूहले संचालन गर्दै आएको कक्षा १ देखि कक्षा ७ सम्मका अतिरिक्त कक्षामा अध्ययनरत १८५ जना बाल-बालिकाहरूलाई हौसला स्वरूप कापीहरू वितरण गरिएको थियो ।

**पोखरामा रक्तदान कार्यक्रम**

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराले शहीद दिवस तथा श्री पञ्चमीको उपलक्ष्यमा माघ १९ गते धर्मसंघ बुद्ध विहार बिन्ध्यबासिनी पार्कमा खुला रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । बौद्ध परम्परा अनुसार पञ्चशील प्रार्थनाबाट शुरू भएको उक्त कार्यक्रममा प्रमुख अतिथि तथा पोखरा उपमहानगर पालिकाका उपमेयर क्या. मानबहादुर गुरुङ्गले "Blood Bag" हस्तान्तरण गरेर रक्तदान कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो भने श्रद्धेय भिक्षु श्रद्धानन्दले बुद्ध धर्ममा दानको किसिम र महत्व माथि प्रकाश पार्नुभएको थियो । रक्तदान उप-समितिका संयोजक बिमल उदासले स्वागत भाषण गर्नुभएको सो कार्यक्रममा बिन्ध्यबासिनी क्षेत्र विकास समितिका तर्फबाट कोषाध्यक्ष गणेशबहादुर श्रेष्ठले पुजा, पाठ, होम, यज्ञ भन्दा पनि रक्तदानबाट बढी पुण्य प्राप्त हुने बिचार ब्यक्त गर्नुभयो । त्यसैगरी रक्तसंचार केन्द्रका तर्फबाट उक्त केन्द्रका इन्चार्ज चेत गुरुङ्गले पोखरामा रक्त संचार केन्द्रको स्थापनाको इतिहास बारे चर्चा गर्नुभयो ।

त्यसैगरी प्रमुख अतिथि तथा पोखरा उपमहानगर पालिकाका उपमेयर क्या. मानबहादुर गुरूङ्गले आफूले पनि १३ पटक रक्तदान गरिसकेको र रक्तदान गरेर शरीरलाई कुनै नकारात्मक असर पर्छ भन्ने कुरा गलत भएको बताउनु भयो । कार्यक्रमको अन्तमा सभापतिको आसनबाट धन्यवाद ज्ञापन गर्नुहुँदै युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले युवा बौद्ध संघको क्रियाकलापहरूको बारेमा जानकारी गराउनु हुँदै उहाँले युवा बौद्ध संघ धार्मिक संस्था भएपनि यसले आँखा शिविर, विभिन्न प्रकारका शिप मुलक तालिम, रक्तदान जस्ता समाजलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको चर्चा गर्नुभयो ।

इच्छाशक्ति अटो मोवाइल तथा रिकण्डीशन हाउस नयाँ बजारद्वारा प्रायोजित उक्त रक्तदान कार्यक्रममा १७ वर्ष देखि ५१ बर्षका ९ जना महिला तथा ६८ जना पुरुष गरी जम्मा ७७ जना ब्यक्तिहरूले रक्तदान गरेका थिए ।

उक्त रक्तदाताहरू मध्ये मोहरिया टोल पोखरा निवासी ३४ वर्षिय इच्छामान बुद्धाचार्यले २४ औं पटक रक्तदान गरेको कुरा जानकारी गराउनु भएको थियो । सोही अवसरमा रक्तदाताहरू तथा रक्त संचार केन्द्रका स्वास्थकर्मीहरूलाई प्रमुख अतिथि श्री गुरुङ्ग र सद्धर्म सभा धर्मसंघ बुद्ध बिहारका अध्यक्ष बेदमान गुभाजुले प्रमाण पत्र तथा भगवान गौतम बुद्धको मुर्ति उपहार स्वरुप प्रदान गर्नु भएको थियो ।

**विद्यालय भवनको शिलान्यास**

धरान नगरपालिका वडा नं. १७ स्थित उदय टोल नामक सुकुम्वासी गाउँमा सम्यक शिक्षा समूह धरान-१२ द्वारा स्थापित सम्यक शिक्षा प्राथमिक विद्यालय भवनको शिलान्यास कार्यक्रम यही माघ २५ गते शनिवार सम्पन्न भयो । जिल्ला विकास समितिका उपसभापति वंशी मोक्तानज्यूको प्रमुख आतिथ्यमा



Downloaded from http://www.dhamma.digital

सम्पन्न उक्त कार्यक्रमका सभापति समूहकै अध्यक्ष सुश्री विद्या शाक्य हुनुहुन्थ्यो ।

राष्ट्रिय गानबाट शुरू भएको उक्त कार्यक्रममा विद्यालय निर्माण समितिका संयोजक कुमार सिंह राईले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको थियो भने सम्यक शिक्षा समूहको परिचय समूहकै उपाध्यक्ष सुरज शाक्यले दिनु भएको थियो । प्रमुख अतिथिबाट भवनको शिलान्यास गरिएको थियो । मोहन श्रेष्ठ उद्घोषक रहनु भएको सो कार्यक्रममा उप-प्रमुख कृष्णनारायण पलिखें, सरला कायस्थ, श्याम गोविन्द श्रेष्ठ र प्रमुख अतिथिबाट मन्तब्य ब्यक्त गरिएको थियो ।

काठमाडौंका नेपाल फस्टर मेट नामक संस्थाको सहयोगमा करिब १ लाख ८० हजार रुपियाँको लागतमा निर्माण हुन लागेको उक्त विद्यालय भवन निर्माण सहयोग स्वरूप समूहका संस्थापक अध्यक्ष देवीमाया शाक्यले रु. ५०१/– नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य सरला कायस्थज्यूले रु. १००१/–, नेपाल अन्धा कल्याण संघका अध्यक्ष श्यामगोविन्द श्रेष्ठले रु. ५०१/–, नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष टोभप्रसाद आचार्यले ५५५/–, नेपाल रेडक्रस सोसाइटीका मन्त्री केशव श्रेष्ठले रु. ५५५/– रुपियाँ प्रदान गर्नुभएको थियो ।

यस समूहले २०५० सालमा स्थापना भई विभिन्न सामाजिक तथा धार्मिक क्रियाकलाप गर्दै आएको र सम्यक सम्बुद्धको ज्ञानबर्द्धक शिक्षालाई प्रचार-प्रसार गर्ने क्रममा सम्यक सम्बुद्धको ज्ञानको ज्योति फैलाउँदै उदय टोल स्थित शिक्षा नपुगेको ठाउँमा शिक्षा फैलाउने जनचेतना फैलाई शिक्षाबाट वञ्चित भैरहेका बालबालिकाहरूलाई सही मार्गमा ल्याउने उद्देश्य बोकी यस समूहले पहिले प्रा.वि., नि.मा.वि. गर्दै मा.वि. सम्म पुऱ्याउने लक्ष्य राखेको कुरा कार्यक्रम सञ्चालन मोहन श्रेष्ठले बताउनु भयो भने समूहकी अध्यक्ष सुश्री विद्या शाक्यले यस भवन निर्माण कार्यको निम्ति विशेष सहयोग गर्नुहुने काठमाडौं निवासी दिव्यरत्न शाक्य, नेपाल फस्टर मेटका डाइरेक्टर काजीरत्न शाक्य (काठमाडौं), धरान नगर पालिका लगायत प्रमुख तथा उपप्रमुख सरला कायस्थ, श्यामगोविन्द श्रेष्ठ सम्पूर्ण स्वयम्भू चैत्य महाविहार उपासीकाहरू, त्यस टोलका सुकुम्वासी गाउँले दाजु-भाई दिदी-बहिनीहरू, सम्पूर्ण सम्यक शिक्षा समूहका सदस्यहरू, प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने शुभ-चिन्तक महानुभावहरू साथै आर्थिक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभाव लगायत प्रमुख अतिथिज्यू प्रति पनि कृतज्ञताका साथ आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभै सभा विर्सजन गर्नुभएको थियो ।

### लुम्बिनीमा बुद्ध प्रमुख महामायादेवी, प्रजापती र सिद्धार्थ कुमारको मूर्ति स्थापना

२०५४ माघ २८ गते । लुम्बिनी विकास कार्यक्रम अन्तरगत लुम्बिनी क्षेत्रमा देश विदेशबाट आ-आफ्नै चलन अनुसारको विहार र चैत्यहरू निर्माण गर्दै आएको कुरा सर्वविदितै छ । यसरी नै धर्मकीर्ति विहार काठमाडौंले पनि नेपाल चलन अनुसार दूई आँखा सहितको चैत्य र धर्मशाला निर्माण गर्ने कार्य सम्पन्न गरेको छ । यसको साथै बुद्ध प्रमुख, महामायादेवी, प्रजापती गौतमी र सिद्धार्थ कुमारको मूर्ति पनि प्रतिस्थापना गरी भिक्षु संघबाट अहोरात्री महापरित्राण पाठ गर्ने कार्यक्रम सम्पन्न गरिएको थियो । यसको अलावा ब्रह्माले कुचो लगाउँदै, सरस्वतीले आसन लगाउँदै, कुवेरले धन वर्षाउँदै, महादेवले डमरु बजाई, वायू देवताले धूप बाली र अन्य देवताहरूले पनि आ-आफ्नो स्वभाव र शक्ति अनुसार हर्षोल्लास पूर्वक बुद्धलाई स्वागत गरेको (मानिसहरूले नै अभिनय गरेको) एक जीवित झाँकी सहितको सैकडौं भक्तजनहरूको ऱ्यालीले लुम्बिनीमा परिक्रमा गरिएको थियो । यस रमणीय कार्यक्रममा पोखरा, धरान, पाल्पा, बाग्लुङ्ग, ललितपुर, भक्तपुर, तानसेन, काठमाडौं, भैरहवा र बुटवल आदि स्थानका थुप्रै श्रद्धालु भक्तजनहरूले भाग लिई कार्यक्रमलाई अझ रमाइलो पारेको थियो । लुम्बिनीमा यस प्रकारको कार्यक्रम यही सर्वप्रथम भएको चर्चा पनि छ । सो समयमा लुम्बिनीमा एक मेला नै लागेको महसूस गरिएको थियो । यसप्रकारको रमाइलो बौद्ध वातावरणलाई भैरहवाका गण्यमान्यजनहरूले आश्चर्य चकित बन्दै हेरेका थिए । दिउँसै दुइटा नागहरूले पनि त्यो झाँकी हेर्न आएको आश्चर्यको कुरो हो भनी चर्चा छ ।

महापरित्राण शुरू हुनुभन्दा अगाडि बर्माका सयादो उ पण्डिताभिवंश महास्थविरले धर्मदेशना गर्नुहुँदै भन्नुभयो– "महापरित्राण भनेको भगवान बुद्धको मैत्री र



Downloaded from http://www.dhamma.digital

करूणाको प्रभाव हो । यसको पाठले बाहिरबाट आउन सक्ने भय बिघ्न बाधा हटाउन सकिन्छ । तर यसले हाम्रो मन भित्रको भयलाई हटाउन सकिँदैन । किनभने हाम्रो मन भित्र राग, द्वेष र मोहले ठाउँ ओगटेको हुन्छ । यसको कारणले नै समाज र परिवारहरूमा झैझगडा र अशान्ति मच्चिने गर्छ र आ-आफ्नो मनलाई असन्तुष्ट बनाई मानसिक रोग उत्पन्न गराइदिन्छ । यस प्रकारको आन्तरिक रोगलाई जरादेखि उखेल्न नसकेसम्म शान्ति स्थापना हुन सक्दैन । यस कुरालाई परित्राण श्रवण गर्ने भक्तजनहरूले बिर्सन हुँदैन ।"

यसपछि धम्मवती गुरुमाँले भन्नुभयो- "लुम्बिनीमा बाहृय देशहरूले आ-आफ्नो देशका केही चिन्ह राख्ने प्रयास गर्दै रहेको बेला नेपालको तर्फबाट पनि केही चिन्ह राख्नु पर्ने आवश्यकतालाई मध्य नजर राखी यहाँ बुद्ध चैत्य र मूर्तिहरू सहितको धर्मशाला निर्माण गर्न जमर्को गरें । यस कार्यलाई सफलता प्रदान गर्ने अन्तर्राष्ट्रिय भिक्षुणी संघले भिक्षा मागी सक्दो मद्दत गरेको छ र यसको साथसाथै भन्तेहरूका साथै अन्य श्रद्धालु उपासक उपासिकाहरू सहित विभिन्न भक्तजनहरूले आफूले सक्दो आवश्यक सहयोगहरू प्रदान गरी मद्दत गरेको छ । यस विहार निर्माण गर्ने कार्यमा बाग्लुङ्ग, बुटवल, तानसेन, पोखरा, धरान, भैरहवा र काठमाडौं उपत्यका, ललितपुर र भक्तपुर आदि विभिन्न गाउँहरू, टोलहरूले पनि सक्दो मद्दत प्रदान गरेको छ । मन्दिर भन्दा पनि धर्मशाला पहिला निर्माण गर्नुको मतलब नै काठमाडौं देखि दुई तीनवटा बसमा बसी भक्तजनहरू आउँदा आरामपूर्वक धर्मशालामा बास बस्न पावस् भन्ने हेतुले हो । नेपालीहरू धेरैजसो फोहर गर्ने प्रबृत्तिका भएकोले हो कि अन्य विदेशी धर्मशालाले बास दिन रूचाउँदैनरहेछ । यही कारणले गर्दा पनि नेपाली धर्मशालाको आवश्यकता भएको छ । यस धर्मशाला निर्माण कार्यमा आवश्यक सहयोग दिनुहुने महानुभाव सबैलाई धन्यवाद दिन चाहन्छु । श्रीघः ज्ञानमाला र नागबहालको तारेमाम ज्ञानमाला भजन खलःले लुम्बिनीसम्म पुगी ज्ञानमाला सुनाई कार्यक्रमलाई अझ रमणीय बनाएकोमा वहाँहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै ज्यापू महागुठीले झाँकी सहित मद्दत गरेकोमा उहाँहरू पनि धन्यवादको पात्र हुनुहुन्छ ।"

भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्दै भन्नुभयो– "वैशालीमा अनेक प्रकारका दुर्भिक्ष, रोगभय भएको बेला भगवान बुद्धले मैत्री र सत्यलाई साक्षी राखी करूणा चित्तले रतन सूत्र पाठ गर्नुभई मानिसहरूमा ब्याप्त भइरहेका भय, बिघ्न बाधालाई हटाउनु भएको थियो । त्यस्तै यस महापरित्राण भनेको पनि महायज्ञको विकल्पको रूपमा लिन सकिन्छ । परित्राण पाठ गर्दा पाठ गर्ने ब्यक्तिहरूले मैत्रीपूर्वक सत्यवचन सहित शुद्ध रूपमा पाठ गर्ने गरिन्छ ।"

महापरित्राण पाठ गर्ने कार्यक्रम समापन पछि धम्मवती गुरुमाँको निर्देशनमा मिति २०५४ माघ २९ गते देखि एक हप्तासम्म ऋषीनी प्रव्रज्या र दुर्लभ प्रव्रज्या गर्ने कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रममा ऋषीनीहरूको संख्या ५० जवान र दुर्लभ प्रव्रज्या ग्रहण गर्नेहरूको संख्या २० जवान थियो । र अन्य गृहस्थीहरू ध्यान शिविरमा भाग लिने १२ जवान थिए ।

*(नयाँ शिलान्यासको समाचार अर्को अङ्कमा)*

**महिला पुरुष बीच समान अधिकारको सूर्योदय**

बुद्धगया स्थित चीनिया मन्दिरमा बुद्ध लाइट इन्टरनेशनल एशोशियशनको तत्त्वावधानमा आयोजित एक समारोहमा १४० जवान विभिन्न राष्ट्रका महिला नागरिकहरूलाई भिक्षुणी उपसम्पदा गर्ने कार्यक्रम समाप्त भएको छ । बुद्धगया अन्तर्राष्ट्रिय उपसम्पदा उत्सब (Bodhgaya International Ordination Ceremony) को रुपमा संचालित उक्त उपसम्पदा कार्यक्रममा १४ जवान पुरुषहरू र १४० जवान महिलाहरू समेत गरी जम्मा २३ राष्ट्रका नागरिकहरूले भाग लिएका थिए ।

स्मरणीय छ, इतिहास अनुसार २५०० वर्ष पहिले गौतम बुद्धले स्थापना गर्नु भएको भिक्षुणी संघको परम्परा अटूट रुपमा एघारौं शताब्दी सम्म चलेको थियो । तर एघारौं शताब्दी पश्चात् महिलाहरूलाई भिक्षुणी को दिक्षा दिने परम्परा श्रीलंका र भारतमा लोप भएको थियो भने पछि बर्मा र थाइल्याण्डमा पनि लोप हुन पुग्यो । हाल आएर लगभग ८०० वर्ष पछि अन्तर्राष्ट्रिय बौद्ध संघ संस्थाहरू र प्रशिद्ध ठूला बिद्वानहरूले यसरी महशूस गर्न पुग्यो–



Downloaded from http://www.dhamma.digital



*बुद्धगयामा भएको भिक्षुणी उपसम्पदा उत्सवमा भाग लिएका भिक्षुहरूको समूहमा थाइल्याण्ड, क्याम्बोडिया, श्रीलंका र बर्माका थेरवादी भिक्षुहरूको दृश्य देखिन्छ ।*

एक हप्ता सम्म भिक्षुणी जीवन र भिक्षु जीवनको आचार संहिता बारे राम्ररी तालिम दिइएको सो समारोहमा भिक्षुणी संघबाट उपसम्पदा दिक्षा दिने कार्यक्रम सकिएपछि भोलिपल्ट भिक्षु संघबाट पनि उपसम्पदा दिक्षा दिइएको थियो । अमिताभ बुद्ध (भूतकालिन बुद्ध), शाक्यमुनि बुद्ध (बर्तमान बुद्ध), र मैत्रिय बोधिसत्त्व (भविष्यको बुद्ध) को गुण स्मरण गर्दै उहाँहरू प्रति विशेष रुपमा श्रद्धा राखी अन्य देवी देवताहरूलाई समेत संरक्षण गर्न आह्वान गरी प्रार्थना गरिएको सो समारोह ७५% थेरवादी तवरले नै संचालित देखियो । किनभने थेरवादी परम्परामा उपसम्पदा दिक्षा दिंदा बुद्ध मूर्तिको आवश्यकतालाई महशूस गरेको देखिदैन । तर उपसम्पदा दिक्षा दिइसकेपछि भने आकाश र भूमीमा बास गरेका देवताहरूले बुद्ध शासनलाई चीरस्थाई गर्न मद्दत गरोस् भन्दै मद्दत माग्ने प्रथा त थेरवादी परम्परामा पनि रहेको देखिन्छ । तर थेरवादीहरूमा पूजा अर्चना गर्ने चलन भने छैन ।

पुरुष पक्ष (भिक्षुहरू) सरह महिलाहरूलाई पनि भिक्षुणीको रुपमा दिक्षित गर्नु पर्छ । जसले गर्दा समाज र मानव कल्याणको कार्यमा पुरुषहरूको दाँजोमा महिलाहरूले पनि भाग लिन सकोस् । यो आजको समयको खाँचो पनि हो । एक परिवारमा महिलाको जसरी ठूलो भूमिका रहेको हुन्छ, त्यसरी नै सामाजिक, आर्थिक र धार्मिक आदि जुनसुकै क्षेत्रमा पनि पुरुषहरूको सरह महिलाहरूको पनि त्यतिकै ठूलो भूमिका रहेको हुन्छ । र रहनु अनिवार्य पनि छ । अनि मात्र बुद्धको उदारवादी, प्रगतिशील र समानता वादी शिक्षालाई उहाँका शिष्यहरूले अनुगमन गरी आफ्नो कर्त्तब्य पालन गरेको ठहरिनेछ । बुद्ध लाइट इन्टरनेशनल संस्थाको यस प्रयासले बिस्तारै ठूलो अभियानको रुप लिन पुगेको छ । यस शुभ कार्यको श्रेय यस प्रख्यात संस्थाका संस्थापक गुरु शिंग यूनमा जानेछ ।

१५ फेब्रुअरी देखि प्रारम्भ भएको यस ऐतिहासिक समारोहमा भारत, श्रीलंका, थाइलाय्ण्ड, ताइवान, जापान, कोरिया, कांगो (हब्सी), जर्मनी, बेल्जियम, फ्रान्स, इटली, डेनमार्क, स्पेन, क्यानाडा, अमेरिका र नेपाल आदि गरी जम्मा २३ राष्ट्रका नागरिकहरू सम्मिलित थिए ।

यस चीनिया परम्परा अनुसार उपसम्पदा गर्दा उपसम्पदा दिक्षा लिने ब्यक्तिहरूलाई सोधिने प्रश्नहरू थेरवादी परम्परामा भन्दा पनि बढि देखियो । चीनिया भाषामा सोधिएको प्रश्नलाई हिन्दी, अंग्रेजी, श्रीलंका, र नेवारी भाषामा समेत उल्टा गरी प्रश्न सोध्ने ब्यवस्था गरिएको थियो । भिक्षु भिक्षुणी उपसम्पदाको अलावा आफ्नो चित्तमा मैत्री, करुणा, मुदिता र उपेक्षा सहितको चतुब्रह्म विहारले भरेको बोधि चित्त जगाउने उद्देश्यले बोधिसत्त्व शील समेत पालना गर्नु पर्ने चीनिया परम्परा अनुसार भिक्षु भिक्षुणीहरूले पालना गर्नुपर्ने थुप्रै नियमहरू मध्ये लसुन प्याज र मासु आदि खाना खान नहुने र चुरोट जस्ता अम्मलीय पदार्थहरू पनि बिल्कुल



Downloaded from http://www.dhamma.digital

सेवन गर्न नहुने नियम पनि रहेछ। तर थेरवादमा भने यी नियमहरूमा मादक पदार्थ बाहेक प्रतिबन्ध देखिदैन । त्यतिमात्र होइन आफ्नो चित्तलाई एकाग्र पार्ने साधन ध्यान भावना र प्रार्थनामा मात्र सीमित रहनु राम्रो होइन, यसको अलावा चित्तमा चतुर्ब्रह्म विहार जगाई दान, शील र भावनाले युक्त भई ती कार्यहरू मन, बचन, र शरीरले दैनिक जीवनमा प्रयोग गरेर नै देखाउनु पर्ने चीनियाहरूको परम्परा वसिसकेको देखिन्छ। प्राणीहरूलाई आफ्ना पूर्व जन्मका नाता कुटुम्बको दृष्टिले हेरी उनीहरूमा मैत्री भावना जगाई आफ्नो चित्तलाई दश अकुशलहरूबाट टाढा पार्ने अभ्यास गर्नु पर्ने शिक्षा सिकाइएको सो समारोहमा माष्टर सिंग यूनले आफ्नै हातबाट बुद्धगयाका सैकडौं गरीव जनताहरूलाई माया र ममता पूर्वक प्रतिब्यक्ति रू १००/- र बस्तुहरू दान दिनु भएका थिए । बाटोमा हिंडिरहेको एउटा भुस्याहा कुकुर देखि लिएर स-साना किरा फट्यांग्राहरू समेतलाई हामीले आफ्नो चित्तमा चर्तुब्रम्ह विहार सहितको चित्त जगाई आफूले सक्दो सेवा भाव राखी चित्त मयल धुन सक्नु पर्छ। यसरी बोधिचित्त नजगाईकन चित्तमयल धुन नसक्ने हुँदा निर्वाणको मार्गमा जान साथ दिने कार्य मध्ये एक बोधिसत्त्व शील वा बोधिसत्त्व चर्या पनि रहेको कुरा यस कार्यक्रममा प्रष्ट्याइएको थियो । त्यतिमात्र होइन यस समारोहमा हामी सबै बुद्धका सन्तानहरू हौं। त्यसैले हामीहरू महायान हीनयान र बज्रयान भन्दै एकै परिवारका सदस्यहरू एक अर्का देखि टाढिदै जाने प्रथा भ्रमपूर्ण दृष्टीकोण को कारण भएको देखिन्छ । त्यसैले हामीले द्वेष र ईर्ष्यालाई निम्त्याउने बाटो हटाउँदै जानु पर्छ र यसको ठाउँमा हामीले एक आपसमा मैत्रीपूर्ण व्यवहार ल्याई शान्ति, सुमधुर र मिलनसार व्यवहार अपनाई चित्तमा कुशल भावनालाई ठाउँ दिई काम गर्नु पर्छ । यो व्यवहारले मात्र निर्वाणमा पुग्न मद्दत दिनेछ । होइन भने मुखले मात्र बुद्धको शिष्य र व्यवहारले साम्प्रदायिक भावना झल्काउने प्रथाले वातावरण दुषित पार्दै निर्वाण देखि टाढा रहने कार्य मात्र हुन जानेछ भन्ने कुरा पनि प्रष्ट्याइएको थियो ।

यस पवित्र कार्यक्रममा उपस्थित हुनु भएका भिक्षु महोदयहरू यसरी हुनुहुन्थ्यो-

क्याम्बोडियाका उप संघराजा महाघोषानन्द महास्थविर, महाबोधि सोसाइटीका अध्यक्ष डा. मापलगम विपुलसार महास्थविर, श्रीलंकाका सर्वोदयका मुख्य सचिव भिक्षु पी. सोमालंकार महास्थविर, पश्चिम प्रान्तका अधिकरण नायक तथा अमरपुर उपनायक पण्डित टी. धर्मालोक महास्थविर, श्रीलंका पालि तथा बौद्ध विश्वविद्यालयका उपकुलपति के. वजिर महास्थविर, श्रीलंकाका पश्चिम प्रान्तका प्रमुख नायक भिक्षु के नन्दरतन महास्थविर, बुद्ध श्रावक भिक्खु विश्वविद्यालय अनुराधपुरका उपकुलपति डा. भिक्षु W. प्रेमरतन महास्थविर । भिक्षुणी तालिम केन्द्रका प्रमुख दम्बुल्ल श्रीलंकाका एम.पुण्यसार नायक महास्थविर । दम्बुल्ल संघ शाखाका प्रमुख सचिव भिक्षु आइ, सुमंगल नायक महास्थविर । बुद्धगयाको अन्तर्राष्ट्रिय ध्यान केन्द्रका संस्थापक अध्यक्ष डा. राष्ट्रपाल महास्थविर। अखिल भारतीय भिक्षु संघका अध्यक्ष भिक्षु धर्मपाल महास्थविर । बुद्धगया बर्मी बुद्ध बिहारका अधिपति भिक्षु ञानिन्द महास्थविर (बर्मी), लद्धाख महाबोधि सोसाइटीका अध्यक्ष भिक्षु संघसेन । थाइलाय्ण्ड समक्की बिहारका प्रमुख फ्रा.कु फिफिट प्रचनाट महास्थविर, थाइलायण्ड महाचूला बौद्ध विश्वविद्यालयका उप प्रमुख भिक्षु फ्रा महा सोमचाइ फ्रोन सुवा महास्थविर, थाइलायण्ड धम्मसोपित बिहारका प्रमुख फ्रा.महानिबोन शुभधम्मो महास्थविर, प्लुक मैलै विहारका प्रमुख फ्रा. खु संघ विचाइ महास्थविर । नेपालका तर्फबाट भिक्षु अश्वघोष महास्थविर (धर्मकीर्ति पत्रिकाका प्रधान सम्पादक, तथा संघारामका प्रमुख) । अभूतपूर्व रुपमा थेरवादी भिक्षुहरूको समागम भएकोले ऐतिहासिक महत्त्व राखिएको सो समारोहमा लण्डनका नायक वजिरञाण र मलेशियाका नायक भिक्षु के धम्मानन्द महास्थविरले पनि भाग लिनु भएको थियो। अझ संघ दान दिने कार्यक्रममा सैकडौं भिक्षुहरूले भाग लिनु भएका थिए ।

थाइलाय्ण्ड, बर्मा र श्रीलंकाका प्रसिद्ध बिद्वान महास्थविरहरूले समर्थन गरेको यस कार्यक्रमले भविष्यमा थेरवादी देशहरूले पनि बाध्य भई भिक्षुणी शासन स्थापना गरिने लक्षण प्रष्ट्याइएको चर्चा छ। तर हाललाई यस कार्यक्रम श्रीलंकामा संचालन गरिने चर्चा भएको छ ।

श्रीलंकाबाट आउनुभएका भिक्षुणीहरूलाई यस कार्यक्रम सम्पन्न भइसकेपछि फेरि एकपटक सारनाथमा



Downloaded from http://www.dhamma.digital

गईकन भिक्षु संघबाट आफ्नै थेरवादी परम्परा अनुसार भिक्षुणी उपसम्पदा दीक्षा दिइएको पनि समाचार छ ।

जे होस् जुन परम्पराले भिक्षुणी गरिए पनि लोप भइरहेको भिक्षुणी संघलाई पुन: स्थापना गरेको उदार नीतिलाई हामीले स्वागत गर्न योग्य देखिन्छ र यस संघलाई हतोत्साहित होइन हौसला प्रदान गरी बुद्धको शिक्षालाई विश्वभर फैलाई विश्वका जनतालाई सुखमय जीवन जिउने कला सिकाउनु परेको छ ।

### अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

परमपूज्य ध्यानगुरु सयादो ऊ पण्डिताभिवंसया समुपस्थितिइ थी:थी: ज्याझो दयका छगू भव्य समारोह जूगु समाचार दु । उगु समारोह शील प्रार्थना लिपा ध्यानकेन्द्रया अध्यक्ष श्री रत्नमान शाक्य पाखें स्वागत भाषण जुल । अनंलि ओवादाचरिय सयादो ऊ पण्डिताभिवंशपाखें धर्म उपदेश । भिक्षु संघपाखें मंगल सूत्र पाठ याना ध्यानकेन्द्रया भवन दानानुमोदन तथा शिलापत्र उलेज्या जुल । भवन निर्माण सम्बन्धी आर्थिक प्रतिवेदन सुश्री सविता धाख्वा पाखें जुल । अनं लिपा ध्यानकेन्द्रयात छुं कथं नं सहयोग ब्यूपिनि मुल्याङ्कनयाना अभिनन्दन पत्र व साधुवाद पत्र ल: ल्हाय्गु ज्या जुल । सुश्री अमिता धाख्वा पाखें बाल लघु शिविर तथा बुद्ध शिक्षा अभ्यास कक्षाया प्रतिवेदन लिपा बाल योगीपिन्त लुमन्ति पौ इनाबिल । नापं बुद्ध शिक्षा अभ्यास कक्षाय् पास जूपिन्त पुरस्कार इना बिई धुंका श्री शान्तमान शाक्य पाखें धन्यवाद ज्ञापन जुल ।

### अनिच्चावत संखारा उप्पादवय धम्मिनो
### उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो

वयोवृद्ध दान शीला गुरुमाँ थ्वहे २०५४ साल फागुन ४ गते न्हिनसिया ३ ता:इले थ:परिवार काय्, म्ह्याय् भौपिं छय् छ्वी तथा सकल धर्मपासापिन्त वाना: देह त्याग याना बिज्यात । उकिं वसपोलया गुण स्मरण यासे संघ पाखें बिचा: हाय्का च्वना ।

अनित्य संसारे सुयातं हे ल्यंका मत: । ई, जुलकि धर्मावलम्बी, पापी, ज्ञानी, गुणी, त:मी चीमिपिं फुक्कं छन्हु वनेहे मानिपिं खनी । **अ. संघ**

### न्हापांगु राष्ट्र ब्यापी बौद्ध शिक्षा सम्मेलन भव्यरुपं हन

गत माघया २४, २५ गते खुनु येंया प्रज्ञा भवने व शाक्यसिंह विहारे नेपाले दकले न्हापांगु बौद्ध शिक्षाया बारे राष्ट्रिय सम्मेलन तस्सकं भ: भ: धायक हंगु चर्चा दु ।

मूपाहां ङवाङ तेन्जिङ जाङपो लामां उलेज्या याना बिज्यागु उगु ज्या भोले न्ववाना बिज्यासे गोसाखल: राष्ट्रब्यापी बौद्ध शिक्षा सम्मेलनया नायो डा. भिक्षु सुनन्द महास्थविरं प्रस्थावित याना बिज्यागु सिद्धार्थ विश्वविद्यालयया विस्तृत गुरु योजना न्हयब्वया बिज्यात । व योजना पूवंसा बुद्ध जन्म भूमि नेपा:या इज्जत च्वनी धयागु चर्चा जुल नापं लुम्बिनी विकास योजना थें पूवने थाकुइ ला धैथेंन खँजुल । तर योजना तस्सकं बाँलागु धैगु आपासिया धापू ख: ।

भिक्षु अश्वघोष महास्थविरं समक्ष पंचशील प्रार्थना न्ह्या:गु उगु समारोहे अखिल नेपाल भिक्षुसंघया सचिव भिक्षु ज्ञानपूर्णिक प्रमुख निगू दर्जन भिक्षुपिं व लामा भिक्षु ङवाङ-वोशेर शेर्पाया नेतृत्व नं दर्जन मयाक लामा तय्गु उपस्थितिं समारोह भ: भ: धागु चर्चा दु । आशायागु सिकं अपो मनूतसें प्रज्ञाभवन जाय्क ब्वति कागु व फुक्कसित जलपान व भोजनया व्यवस्था जूगुनं छगू चर्चाया खँ जुल ।

उगु मु ज्याय बुद्धाचार्य शाक्यं "पाठचक्रमे नैतिक शिक्षा व बुद्ध धर्मया थाय्" विषयेया कार्य पत्र नं न्हयब्वया बिज्यागु ख: । मेपिं कार्य पत्र न्ह्यब्वया बिज्यापिं व.आ. कनकद्वीप, ङवाङ वोशेर लामा आदिपिं ख: ।

उगु मुज्याय थाइ राजदूतया प्रतिनिधि विर जोथ यूशान्त खाओ, इतिहास विद भाजु भुवनलाल प्रधान, बनेपा नगर पालिकाया मेयर डा. सुरेन्द्र बहादुर बाडे श्रेष्ठया नापं आपालं बौद्ध बुद्धिजीविपिनि उपस्थिति दुगु ख: । उगु समारोह उपसंघनायक भिक्षु अनिरुद्ध महास्थविर अखिल नेपाल भिक्षु संघया अध्यक्ष भिक्षु कुमार काश्यप, धर्मकीर्ति अध्ययन गोष्ठीया अध्यक्ष भिक्षुणी धम्मवती, बज्राचार्य समूह पाखें दिव्य बज्र वज्राचार्य छोया हया बिज्यागु शुभ कामना ब्वना न्यंकुगु ख: ।

**थ्व हे वइगु २०५४ चैत्र १ गते निसें जुइ धयात:गु अभिधर्मया कक्षा बिशेष कारणं व इलय मजुइगु जूगुलिं सम्बन्धित सकसितं थ्व सूचं बियाच्वना । लिपा कक्षा जुइगु समयया जानकारी मेगु सूचं पिकया बीगु जुइ ।**



Downloaded from http://www.dhamma.digital

संकीर्ण विचारधारालाई त्यागी उदार हृदय अपनाई सहभागी हुनुभएको खुशीको कुरो हो ।

अर्को तरीकाले भन्ने हो भने, महायान, थेरवाद जस्ता साम्प्रदायिक भावनालाई त्यागी बुद्धयान एउटालाई अंगाली आफ्नो चित्तमा चतुर्ब्रह्म विहारमा रहेको मुदिता चित्तलाई प्रयोग गरिएको खुशीको कुरो हो यो । हुनत मैत्री, करुणा र उपेक्षा पनि महामानव गुण नै हुन् ।

अर्का एकजनाले प्रश्न सोध्यो - "होइन, बुद्धगयामा सम्पन्न भएको भिक्षुणी उपसम्पदाको कार्यक्रमलाई थेरवादी भिक्षुहरूले बिरोध गर्नुको तात्पर्यमा कहिं त्यस कार्यक्रममा उपसम्पदा कर्म बिधि नै फरक भएर हो कि क्या हो ? "

यसबारे त हाम्रा मेघदूत ज्यूलाई नै सोधे पनि हुन्छ नि । उहाँ त दर्शकको रुपमा अगाडि नै वसेर भाग लिई फर्किनु भएको छ नि । मेघदूतज्यूले उत्तर दिदै भन्नुभयो- "मैले हेरेर आएको अनुसार त चीनिया उपसम्पदा दिक्षा दिने तरिका र थेरवादी उपसम्पदा दिक्षा दिने तरिकामा त्यति फरक त छैन । थेरवादीहरूको उपसम्पदा दिक्षा दिंदा पालि भाषामा दिने गरिन्छ भने चीनिया उपसम्पदा दिंदा संस्कृत र चीनिया भाषामा दिने गरिन्छ ।

चीनिया उपसम्पदा दिक्षा दिंदा कम्तीमा पनि एक हप्ता सम्म भिक्षु भिक्षुणी जीवनको उद्देश्य, दश अकुशल कर्महरूबाट आफूलाई टाढा राख्ने तरिका, आचार संहिता अनुशासन र मैत्री, करुणा, मुदिता उपेक्षा सहितको चतुर्ब्रम्ह विहारले भरेको चित्त अर्थात् बोधिचित्तलाई आफ्नो चित्तमा कसरी स्थान दिने आदि बारे राम्ररी ब्याख्या गरी तालिम दिइएको थियो । तर थेर वादमा यसरी तालिम दिने प्रथा छैन । उपसम्पदा दिक्षा पछि पाराजिका ४, संघादिशेष १३ आदि २२७ वटा नियमहरू बारे परिचय मात्र दिने गरिन्छ ।

अर्को कुरो चीनिया परम्परा अनुसार उपसम्पदा दिक्षा दिंदा दिक्षा दिनु अगावै बुद्ध पूजा गरी त्रीरत्न शरण जाने बिधि रहेछ । चतुर्महाराज देवता र देवीहरूलाई पनि संरक्षण गर्नको लागि आह्वान गरिंदो रहेछ । त्यतिमात्र होइन अमिताभ बुद्ध (भूतकालिन बुद्ध), शाक्यमुनी बुद्ध (बर्तमान बुद्ध) र मैत्रेय बोधिसत्त्व (भविष्यका भावी बुद्ध) को गुण स्मरण गर्दै उहाँहरूको गुणलाई पूजा गर्ने चलन रहेछ । यी बिधिहरूको समापन पछि उपसम्पदा दिक्षा दिने चलन छ । तर थेरवादमा उपसम्पदा दिक्षा दिंदा बुद्ध मूर्तिको आवश्यकता छैन र पूजा गर्ने चलन पनि छैन । उपसम्पदा दिक्षा दिइसकेपछि मात्र परित्राण पाठ गरिन्छ र अन्त्यमा "आकासट्ठा च भुमट्ठा देवा नागा महिद्धिका पुञ्ञन्तं अनुमोदित्त्वा चिरं रक्खन्तु सासनं" भनी पाठ गरिन्छ । यस गाथाको अर्थ यसरी छ - "आकाशमा र भुइँमा रहेका प्रभावशाली देवी देवता र नागहरूले यो पुण्य अनुमोदन गरी बुद्ध शासन रक्षा गर्नुहोस् ।"

तर गहिरिएर बिचार गर्ने हो भने यो बिधि पनि महायानबाट नै आएको हो । यसबारे थेरवादीहरूले थाहा छैन । उनीहरूले यस गाथा पाली भाषामा पढ्ने गरेकोले यसलाई पनि थेरवाद नै ठहराए ।

चीनिया उपसम्पदा दिक्षा अनुसार उपसम्पदा गर्दा कर्मवाचार्यले उपसम्पदा लिने ब्यक्तिलाई सोधिने प्रश्नहरू त थेरवादी परम्परा अनुसार नै रहेछ । अझ चिनीया परम्परामा त केही प्रश्नहरू बढि नै सोधिने गरिन्छ । यी प्रश्नहरूको उत्तर उपसम्पदा लिने ब्यक्तिहरूबाट सकारात्मक रुपमा पाए पछि भिक्षु संघ समक्ष प्रस्ताव पेश गर्दै भिक्षु संघले स्वीकृती प्रदान गरी उपसम्पदा गरिने प्रथा महायानी र थेरवादमा एउटै रहेको देखिन्छ ।"

यसरी चीनिया उपसम्पदा प्रथाबारे घटलाग्दो कुरो सुनी छलफलका सबै सहभागीहरू दंग पर्दै भिक्षुणी उपसम्पदा प्रथालाई साधुवाद दिंदै फर्के ।


### ※ सुचं ※

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयागु वाः पतिकं जुइगु ज्याइ्ववः प्रत्येक शुक्रवा विश्वभूमि न्हि पौ यागु अन्तिम पेजय् स्वयादीत इनाप याना च्वना**

**शनिवार क्लास संयोजक समिति**


Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्ष.हु.नि.का.द.नं. - ६/०४२/०४३

# बिचाः हायेका

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उपज्जित्वा निरुज्भन्ति, तेसं ऊपसमो सुखो ।

बूगु दिं
१९७० आश्विन २१ गते



मदुगु दिं
२०५४ माघ १९ गते

मदुम्ह भाजु कृष्ण रंजित

धर्मकीर्ति पत्रिकाया प्रमुख व्यवस्थापक, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सदस्य व ध.स.स. या कार्यकारिणी सदस्य नःघः क्वाडोंय् च्वंम्ह भाजु विद्या सागर रंजितया अबुजु धर्मकीर्ति विहारया आजिवन सदस्य भाजु कृष्ण रंजित ८५ दँया वैसे आकाभ्काकँ मदुगुलिं वयक:या छेंज:पिन्सँ अनित्य संसारयात थुइका दु:ख धैर्य धारण याये फयेमा धका: बिचा: हायेका ।

'धर्मकीर्ति' ल्यय्पौ
धर्मकीर्ति विहार
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

मुद्रक : "न्यू नेपाल प्रेस" • अफिस फोन : २५९०३२, २५९४५० फ्याक्स : (९७७-१) २५८६७८, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital